का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ साउन २०७९,
आइतबार
24 July 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १६९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com






## असन्तुष्ट नारायणकाजी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ पार्टीभित्र होस् वा बाहिर खरो रुपमा प्रस्तुत हुन्छन् । पछिल्लो समयपनि उनी पार्टी नेतृत्वदेखि सत्तागठबन्धनसँग समेत विविध विषयमा विमति राख्दै आईरहेका छन् । एमसीसी, एसपीपी लगायतका सम्झौतामा सामाजिक सञ्जालमा असहमति राख्दै आएका श्रेष्ठले नागरिकता विधेयकबारे पनि असन्तुष्टि पोखेका छन् ।

उनले नागरिकता विधेयकमा वैवाहिक अंगीकृतको विषयमा आफ्नो असहमति भए पनि गठबन्धनकै कारण पारित गर्ने दबाव बढेपनि आगामी दिनमा भने कांग्रेसको बलजफ्ती स्वीकार्य नहुने बताएका हुन् ।

'नेपाली कांग्रेसले गठबन्धनको नाममा निरन्तरको बलजफ्ती हामीलाई सधैं स्वीकार्य हुन सक्दैन भन्ने कुरा समयमै बुझोस्,' उनले भने, 'हाम्रो पार्टीले गठबन्धन सरकारको नाममा सबै राष्ट्रिय मुद्दाहरूमा सम्झौता हुन सक्दैन भनेर गम्भीरतापूर्वक सोच्नै पर्ने भएको छ । गठबन्धन सरकार र भोट हाम्रो साध्य होइन ।' उनले नागरिकता संवेदिनशील विषय भएको हुँदा राष्ट्रिय सहमतिको आधारमा निर्णय हुनुपर्ने समेत बताएका छन् ।

त्यत्तिमात्रै होईन, केही समयअघि उनले गठबन्धनका शीर्ष नेताहरु सच्चिनुपर्ने सुझाव

> 'हाम्रो पार्टीले गठबन्धन सरकारको नाममा सबै राष्ट्रिय मुद्दाहरूमा सम्झौता हुन सक्दैन भनेर गम्भीरतापूर्वक सोच्नै पर्ने भएको छ । गठबन्धन सरकार र भोट हाम्रो साध्य होइन ।'

समेत दिएका थिए । '५ दलीय गठबन्धनको केही समयअघिको बैठकले गठबन्धनको प्रभावकारी भूमिकाका निम्ति दलीय समन्वय समिति बनाउने निर्णय गरेको थियो,' उनले भने, 'तर अहिलेसम्म पनि त्यो निर्णय कार्यान्वयन नहुनु उचित होइन । त्यसैले तत्काल त्यस्तो समिति बनाउने निर्णय गरौं ।' उनले गठबन्धन शीर्ष नेतामै सीमिति रहेको भन्दै अधिकार प्रत्यायोजन गर्न सुझाव समेत दिएका थिए ।

गठबन्धनको विषयमा मात्रै होईन, नेकपाबाट विभाजित भएर माओवादी पुरानै अवस्थामा फर्किएपछि उनले जिम्मेवारी बाँडफाँडको विषयमा तीव्र असन्तुष्टि जनाएका थिए । प्रवक्ताको जिम्मेवारी 'खोसिएका' श्रेष्ठ एमाले प्रवेश गर्दैछन्, पार्टी विभाजन गर्दैछन् भन्ने केही समाचारहरू समेत सार्वजनिक भए । त्यस्तै, सदनबाट एमसीसी पास भएपछि उनको असन्तुष्टि सामाजिक सञ्जाल र सञ्चारमाध्यममा छताछुल्ल भएको थियो । तत्तपश्चात् उनी निकटका नेताहरुको भेला गरि पार्टी विभाजनमा जाने छलफल समेत भएको थियो । तर, अध्यक्ष प्रचण्ड उनकै निवासमा पुगेर फकाएपछि उनीहरु सो निर्णयबाट पछि हटेका थिए । यद्यपि, उनले विप्लवलाई भेटेर प्रचण्डलाई पार्टी विभाजन गराउने दवाव भने दिएका थिए । पार्टी नेतृत्वदेखि सत्तागठबन्धनमा समेत चर्को विरोध गर्दै आएका नारायणकाजी उपयुक्त स्थान पाए एमालेमा प्रवेश गर्ने सम्भावना अझै देखिएको प्रचण्ड निकट नेताहरुको बुझाई छ ।

माओवादी केन्द्रको नीति

# मुखमा समाजवादी केन्द्र, मनमा प्रधानमन्त्री

नेकपा माओवादी केन्द्रको प्रष्ट नीति- चुनाव अघि समाजवादी केन्द्र निर्माण गर्ने, चुनावपछि मुलुकको नेतृत्व दाबी गर्ने ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित एक कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आगामी निर्वाचनबाट देशको नेतृत्व आफ्नो पार्टीले गर्ने दावी गरे ।

आगामी संघ र प्रदेशको निर्वाचनबाट माओवादीलाई देशको बागडोरको जिम्मा लिनबाट कसैले रोक्न नसक्ने उनको जिकिर छ । प्रचण्डले भनेका छन्, ल'यो देशमा माओवादी पुन:स्थापित भएन भने, माओवादी पार्टी बलियो भएन भने संघीय लोकतान्त्रिक गणतन्त्र बलियो हुन सक्दैन । आउने निर्वाचनमा अब माओवादी पार्टीलाई देशको बागडोर फेरि एकपटक आफ्नो हातमा लिन कसैले रोक्ने छैन ।

प्रचण्डले व्यक्त गरेको यस विश्वासको पछाडि केही कारणहरु रहेको स्वमं माओवादी केन्द्रका नेताहरु बताउँछन् । कांग्रेसको गठबन्धन मात्रै नभएर कांग्रेस बाहिर पनि शक्ति निर्माण गरेर नेतृत्व लिँदै जाने माओवादी केन्द्रको नीति देखिन्छ । यसका लागि स्वमं प्रचण्डले नेकपा समाजवादी केन्द्र निर्माणको पहलकदमी अगाडि बढाएका छन् । प्रचण्डलाई तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का बहुमत सचिवालय सदस्यले साथ दिएका छन् । प्रचण्डले तत्कालीन नेकपामा रहेका केपी ओली र पक्षधर नेता बाहेकका नेताहरुसँग छलफल गरि चुनावअघि नै समाजवादी केन्द्र बनाएर जानुपर्नेमा जोड दिइरहेका छन् । त्यस बाहेक बाबुराम भट्टराईसँग समेत भेट गरेर समाजवादी केन्द्र बनाउने योजना सुनाएका छन् । जसपाबाटै निस्कासनमा परेका डा. भट्टराई पनि समाजवादी केन्द्र निर्माणमा सकारात्मक देखिन्छन् ।

नेकपाकालीन सचिवालयका पाँच सदस्यको बैठकले पनि वाम एकताका लागि पहल गर्ने निर्णय गरेको थियो । जसमा प्रचण्डसहित नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ र वामदेव गौतम रहेका थिए । उक्त छलफले संयोजन समितिनै गठन गरेर गृहकार्य सुरू गरेका र एकताका सिद्धान्त आधार र एजेण्डा तयार गर्ने सहमति समेत भएको थियो । तर, त्यसलाई औपचारिक दिन बाँकी रहेको नेताहरु बताउँदछन् ।

प्रचण्डको यो प्रयासमा एकीकृत समाजवादी केन्द्रका अध्यक्ष माधवकुमार नेपालको साथ रहेको छ । उनकै पार्टीका नेताहरु भने यसलाई नेपालको बाध्यता मान्छन् । नेकपा एकीकृत समाजवादीका सम्मनित नेता झलनाथ खनाल पनि माओवादी केन्द्रसँग पार्टी एकताको पक्षमा छैनन् । त्यो छनक पाएपछि प्रचण्डले खनाल र उनी निकट नेताहरुलाई भेटेर समाजवादी केन्द्र बनाउने योजनालाई मुर्त रुप दिने प्रस्ताव राखेका छन् ।

## श्रममन्त्री कुँवर र नवनियुक्त राजदूतहरुबीच छलफल

# कामदारको सुरक्षाबारे मन्त्री कुँवरको चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन

श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले नवनियुक्त राजदूतहरुसँग छलफल गर्दै वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको सुरक्षाका विषयमा चासो व्यक्त गरेका छन् ।

बिहीबार मन्त्रालयमा नवनियुक्त साउदीका राजदूत नवराज सुवेदी र दक्षिण अफ्रिकाका राजदूत दानबहादुर तामाङसँगको छलफलमा मन्त्री कुँवरले वैदेशिक रोजगारमा जाने नेपालीहरुले पाउने गरेका दुःख, समस्याका विषयमा चासो व्यक्त गरेका हुन् ।

उनले दुबै राजदूतलाई नेपाली कामदारको कामको ग्यारेन्टी र सुरक्षाका विषयमा विशेष ध्यान दिन आग्रह समेत गरे । 'यहाँबाट जाने कामदारले उता भनेअनुसार काम नपाउने गुनासाहरु धेरै सुनिन्छन् । पठाउने व्यक्ति वा कम्पनीले उनिहरुलाई ठग्ने गरेका कारण बिचल्लीमा परेका घटनाहरु आइरहन्छन्, यसबारे विशेष ध्यान दिन म आग्रह गर्न चाहन्छु', मन्त्री कुँवरले भने ।



छलफलका क्रममा उनले कामदारलाई परेको समस्या समाधानका लागि दूतावासलाई चाहिने आवश्यक सहयोगका लागि मन्त्रालय तयार रहेको बताए । विदेशमा नेपाली कामदार हरुको हुने गरेको मृत्युका विषयमा समेत गम्भीर भएर बुझ्नका लागि पनि मन्त्री कुँवरले राजदुतहरुसँग आग्रह गरे ।

छलफलमा बोल्दै मन्त्रालयका सचिव एकनारायण अर्यालले विदेशमा कोमामा र अँगभँग भएर उपचार गराइरहेका नेपाली कामदारहरुको उद्धारका लागि सरकार गम्भीर रहेको र दूतावासहरुले सोहीअनुसार काम गर्नुपर्ने बताए । उनकाअनुसार अहिले साउदीमा मात्रै २५ जना नेपाली कामदारहरु कोमामा उपचारार्थ छन् ।

त्यस्तै कार्यक्रममा बोल्दै वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले यो आर्थिक वर्षमा मात्रै सबैभन्दा बढी साउदीमा १ लाख ८८ हजार ३९८ जना नेपालीहरु रोजगारका लागि गएको बताए । साउदीमा कामदार पठाउन नेपाल र साउदी - बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### ८० जना इजरायल उड्दै

काठमाडौं, मस- दीर्घकालीन केयर गिभर (स्याहार केन्द्र)का लागि आइतबार ८० जना नेपाली कामदार इजरायल उड्ने भएका छन् । वैदेशिक रोजगार विभागले इजरायल श्रमिक पठाउन गत फागुनदेखि रोकिएको प्रक्रिया शुरू भएको जनाएको छ ।

विभागका अनुसार साउन ८ अर्थात जुलाई २४ तारेखमा नेपालबाट ८० जना नेपाली कामदार इजरायल जाँदैछन् । काठमाडौंस्थित इजरायल दूतावासको कन्सुलर विभागबाट १ सय जना कामदारको भिसासहित राहदानी प्राप्त भइसकेको भएपनि ८० जनाको उडान हुन लागेको हो ।

इजरालय जानका लागि कामदारलाई आफ्नो राहदानी बुझ्न, उडान समूहमा नाम समावेश गराउन, कोरोनाविरुद्धको खोप कार्ड बुझाउन साउन ६ गतेका लागि समय निर्धारण गरिएको थियो ।

इजरायल जाने कामदारले उडानअघि ७२ घण्टाभित्र पीसीआर परीक्षण गराएको हुनुपर्नेछ । परीक्षणमा नेगेटिभ आएकाहरु मात्र इजरायल उड्नेछन् । हवाई भाडा ५९ हजार ९९० रुपैयाँ तोकिएको छ । इजरायल - बाँकी पृष्ठ २ मा

# ऐन बनेपछि करिब १२ लाखले पाउँछन् नागरिकता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

काठमाडौं, ७ साउन । प्रतिनिधिसभाबाट शुक्रबार 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९' पारित भएको छ । पारित विधेयक अब राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाले पनि पारित गरेर पुन: प्रतिनिधिसभामा पठाउँछ । त्यसपछि सभामुख हुँदै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेपछि ऐनका रुपमा कार्यान्वयनमा आउँछ ।

प्रतिनिधिसभाबाट पारित नागरिकता विधेयकले समेटेएका विषयले करिब १२ लाख नागरिकले नागरिकता प्राप्त गर्न सक्ने सरकारी र गैरसरकारी संस्थाहरुको अनौपचारिक तथ्याङ्क छ ।

महिला कानुन र विकास मञ्च (एफडब्लूएलडी) का अनुसारजन्मको आधारमा नागरिकता लिएकाको सन्तानमध्ये ५ लाख भन्दा बढी नागरिकता लिन योग्य रहेका तर कानुन अभावमा नागरिकता लिन नपाइरहेका छन । आमाको नामबाट नागरिकता जारी हुँदा (बाबु पहिचान नभएको) नागरिकता लिन योग्य ६ लाख ८० हजार बढीले पाउने एफडब्लूएलडीको तथ्यांक छ । यी दुबै समस्या समाधान गर्ने गरी विधेयक अगाडि बढेको छ ।




> प्रतिनिधिसभाबाट पारित विधेयकले राष्ट्रिय सभाबाट पारित हुँदै राष्ट्रपतिबाट प्रमाणीकरण हुने प्रक्रिया पुरा गरेर कार्यान्वयनमा आएपछि करिब १२ लाख नागरिकताबिहीनले नागरिकता प्राप्त गर्ने बाटो खुला गर्नेछ ।

२०६३ सालको अन्तरिम संविधानले नेपालमा जन्मका आधारमा नागरिकता दिने व्यवस्था गऱ्यो । जस अनुसार १ लाख ९० हजारले जन्मसिद्ध नागरिकता लिए । यस्तो नागरिकता नेपालको संविधान २०७२ जारी हुनु भन्दा अघिल्लो दि अर्थात, २०७२ साल असोज २ गतेसम्म जारी भयो । नयाँ संविधानले जन्मको आधारमा नागरिकता दिने व्यवस्था खारेज गऱ्यो । जन्मका आधारमा नागरिकता लिएकाका सन्तानलाई संघीय कानुन बमोजिम वंशजको नागरिकता दिने भन्यो ।

तर, संविधान जारी भएको ७ बर्षसम्म संघीय कानुन नबन्दा जन्मका आधारमा नागरिकता लिएकाका सन्तानले नागरिकता प्राप्त गर्न सकेका छैनन् । प्रतिनिधिसभाबाट पारित नागरिकता - बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
८ साउन २०७९, आइतबार
24 July 2022, Sunday

# मधेसीलाई गरेको नागरिकताको बाचा पूरा गरेँ : प्रचण्ड

**लक्ष्मण यादव / मध्यान्ह**
सर्लाही, ७ साउन

नेकपा(माओवादीकेन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नागरिकताका सम्वन्धमा मधेसी नागरिकसमक्ष आफूले गरेका बाचा पूरा गरेको बताएका छन् ।

शनिबार सर्लाहीको बागमती नगरपालिकास्थित सोल्टी बजारमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले भने, 'तराई मधेशको नागरिकता सम्बन्धी समस्या सम्बोधन गर्ने बाचा पूरा गरे ।'

६ लाख भन्दा बढी युवा नागरिकताविहीन रहेको अवस्थामा सरकारले नागरिकता विधेयक पास गराएर घाउमा मल्हमपट्टी लगाउने काम गरेको उनले चर्चा गरे ।

आउने मङ्सिर पहिलो हप्तामा प्रदेश र संघको निर्वाचन एकै चरणमा हुने तयारी भएको पनि उनले बताए ।



एकीकृत अखिल नेपाल शिक्षक संगठन सर्लाही तथा माओवादी केन्द्र बागमती नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायत नेताहरुले सम्वोधन गरेका थिए ।

# सरकारले संविधानको चिर हरण गरेको छः नेता ज्ञवाली




**प्रदिप ज्ञवाली / मध्यान्ह**
बुटवल, ७ साउन

नेकपा एमालेका उपमहासचिव प्रदीप कुमार ज्ञवालीले वर्तमान सत्ता गठबन्धनले संविधानको चिर हरण गरेको आरोप लगाएका छन् ।

प्रेस चौतारी नेपाल रुपन्देहीले शनिबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उपमहासचिव ज्ञवालीले सरकारले गरेका सबै कुराबाट संविधानको चिरहरण भएको दाबी गरे ।

सत्ता गठबन्धन टिकाउने नाममा भएका निषेधको राजनीतिका कारण मुलुक कमजोर बन्दै गएको उनले बताए । सरकारमा रहन सत्ता गठबन्धन, अर्थतन्त्र समाप्त पार्न वित्तीय गठबन्धन र मुलुक कमजोर बनाउन बाह्य शक्तिसँगको गठबन्धनले मुलुकलाई कमजोर बनाउँदै लगेको उनले बताए । सरकार टिकाउने नाममा भारतसँग कम्फर्टेबल बन्दै गएको र देशको समस्या अरूको इसारामा समाधान गर्ने गरेको बताए ।

कार्यक्रममा उनले भने, 'सरकार एक पछि अर्को विचलनको बाटोमा हिँडिरहेको छ, विदेशीको रोहबरमा सत्ता साझेदारीको बार्गेनिङ गर्नु राष्ट्र र राष्ट्रियता माथिको बेइमानी भएकोकाले गठबन्धन सरकारको आयु अब केही समयमात्र बाँकी छ ।'

# कांग्रेसभित्रका अन्तर्घातीलाई दण्डित गर्नुपर्छ : पौडेल

**दमौली / मस**- नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सङ्गठनका कारणभन्दा पनि अन्तर्घातका कारण पार्टी कमजोर बन्दै गएको बताएका छन् ।

कांग्रेस तनहुँ जिल्ला कार्यसमितिले शनिबार दमौलीमा आयोजना गरेको स्थानीय तह निर्वाचन समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफैँभित्रको अन्तर्घातले कांग्रेस खुम्चिन पुगेको उल्लेख गरे । 'पार्टीभित्र अन्तर्घातको सुरुआत धेरै अगाडिबाट भयो, आफैँभित्रको अन्तर्घातले खुम्चिन पुगेका छौँ, यसमा समीक्षा हुन जरुरी छ, यसमा आत्मनिरीक्षण हुन जरुरी छ', उनले भने, 'यसमा कसैले पनि ढाकछोप गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्न हुँदैन, ढाकछोप गर्दै जाँदा गल्ती दोहोरिँदै जान्छ ।'



वरिष्ठ नेता पौडेलले अन्तर्घातीलाई दण्डित गर्नुपर्ने बताए । 'अन्तर्घाती कुनै न कुनै रुपबाट दण्डित हुनुपर्छ, पार्टीले कारबाही गरेर ननिकाले पनि त्यसलाई समाजले दण्डित गर्छ', उनले भने ।

पैसावालाहरुको बोलाबाला बढ्दै जाने र निष्ठावान कार्यकर्ता पाखा लाग्दै जाने प्रवृत्तिको अन्त्य गर्नुपर्ने वरिष्ठ नेता पौडेलको भनाई थियो । 'यसले लोकतन्त्र त कमजोर हुन्छ हुन्छ, राष्ट्रियता नै समाप्त हुने खतरामा बढ्दै जान्छ,' उनले भने ।

गठबन्धन आदर्श र सिद्धान्तका कारण नगरिएको बताउँदै वरिष्ठ नेता पौडेलले कांग्रेसविरुद्ध महागठबन्धन बन्ने भएकाले त्यसलाई रोक्न गठबन्धन गरिएको बताए ।

कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले गठबन्धन गरेर लोकप्रिय काम नगर्ने हो भने सरकारमा बसिरहनुको पनि अर्थ नहुने बताए । उनले चुनावमा गठबन्धन नगरी बहुमत ल्याउने हो भने लोकप्रिय काम गर्नुपर्ने आवश्यकता रहेको बताए ।

कार्यक्रममा कांग्रेसका जिल्ला सभापति जितप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपाने, क्षेत्र नं १ का सभापति श्यामकुमार मौराती, २ का सभापति चुडामणि खनाललगायतले कांग्रेसभित्रका कमी-कमजोरी सुधारेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

# गोरखा अस्पताललाई हव अस्पतालका रुपमा सञ्चालन गरिने

**गोरखा / मस**- गोरखा जिल्लाको एक मात्र सरकारी अस्पताल गोरखा अस्पताललाई हव अस्पतालका रुपमा विकास गरिने भएको छ ।

भूकम्पपछि पुनःनिर्माण गरिएको सुविधा सम्पन्न उक्त अस्पतालमा बहु विशेषज्ञ सेवाको सुनिश्चितता र निरन्तरता दिने गरी तयारी थालिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा हरिकुमार श्रेष्ठले जानकारी दिए ।




'गोरखा अस्पताललाई हव अस्पतालका रुपमा विकास गर्नका लागि अस्पताल व्यवस्थापन समिति र निक साइमन्स इन्स्टिच्युटबीच सम्झौतापत्रमा हस्ताक्षर भइसकेको छ' उनले भने, 'हव अस्पताल भन्नाले अस्पतालबाट प्रदान गरिने बहु विषेशज्ञ सेवाको सुनिश्चितता र निरन्तरतालाई जनाउँछ ।' अबदेखि विशेषज्ञ चिकित्सकलगायत अन्य जनशक्ति, उपकरण र तालिमको व्यवस्था गरी चिकित्सकीय सेवा र सुविधा प्रदान गरिने अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले जानकारी दिए । त्यस्तै अस्पतालमा त्यस्ता जनशक्तिका लागि आवासको सुविधासमेत मिलाइने उनको भनाइ थियो ।

'सम्झौताअनुसार यस अस्पताललाई सेकेन्डरी 'ए' स्तरको सेवा प्रदान गर्नु तथा सम्पूर्ण सेवाको निरन्तरता र गुणस्तरीय प्रवाह गर्नु पनि हो', सूचना अधिकारी ढकालले भने, 'सम्झौता भएसँगै अब यसै महिनादेखि सबै सेवा प्रारम्भ हुन्छ ।' सुविधासम्पन्न भवन निर्माण भएसँगै यस अस्पतालबाट पछिल्लो समय ठूला शल्यक्रिया, प्रयोगशालामा कल्चर सेवाका साथै स्वास्थ्य बीमा, समाजिक सेवा इकाइ तथा फिजियोथेरापी सेवा पनि सञ्चालन हुँदै आएको उनले उल्लेख गरे । अब छिट्टै थाइराइटको हर्मोन जाँच, डायलासिस, एचडियु, आइसियुलगायत सेवा सञ्चालनका लागि अन्तिम तयारीमा रहेको सूचना अधिकारी ढकालले बताए ।

## श्रममन्त्री...

सरकारबीच श्रम सम्झौता नभएपनि विभिन्न माध्यमहरुबाट नेपालीहरु साउदी जाने संख्या ठूलो रहेको छ ।

कार्यक्रममा बोल्दै मन्त्रालयका उपसचिव एवं रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजिव पोखरेलले वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली कामदारहरुमा वैधानिकीकरण, स्वास्थ्य, बीमा, दोहोरो सम्झौता, प्रमाणीकरण, अवैधानिकरुपमा गएका कामदारको शव उद्धार, महिला कामदारको सुरक्षा र न्यूनतम पारिश्रमिक समेत नपाउने लगायतका समस्याहरु रहेको उल्लेख गरे ।

छलफलमा बोल्दै साउदीका लागि नवनियुक्त राजदूत सुवेदीले साउदी सरकार र नेपालबीच श्रम सम्झौताका लागि पहल गर्ने बताए । अवैधानिकरुपमा कामदारहरु जाँदा विभिन्न जटिलताहरु रहेकाले दुबै सरकारबीच श्रम सम्झौता भएको खण्डमा त्यो न्यूनिकरण हुँदै जाने उनको भनाइ छ । साउदीमा समस्यामा परेका कामदारहरुको उद्धार र राहातका लागि पहल गर्ने समेत उनले प्रतिवद्धता व्यक्त गरे । कामदारले पाउने गरेका समस्याहरुको समाधानका लागि मन्त्रालयसँग आवश्यक सुझाव, सल्लाह र सहयोगका लागि सहकार्य गर्ने समेत उनले बताए ।

यस्तै दक्षिण अफ्रिकाका लागि नयनियुक्त राजदूत तामाङले दक्षिण अफ्रिकामा नेपाली कामदारहरु समस्यामा परेका खबरहरु खासै नआएपनि कामदारहरुका विषयमा आफू सचेत रहेको बताए । उनले दक्षिण अफ्रिकासँगै केन्या, तान्जेनिया, साउथ अफ्रिकामा जेल र अस्पतालमा रहेका नेपालीहरुको उद्धारका लागि पहल गर्ने समेत बताए ।

## ८० जना...

जानेहरूका लागि नागपोखरीस्थित सीलिंक होलिडेले हवाई टिकट बिक्री गरेको छ । विभागले इजरायलका दीर्घकालीन केयर गिभर (स्याहार केन्द्र) को रोजगारीका लागि एक हजार ६ सय जनाको छनोट गरेको छ । त्यसमा ७० प्रतिशत महिला कामदार छन् ।

## ऐन...

विधेयकले यो विषयलाई सम्बोधन गरेको छ । जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानका बाबु र आमा दुवै नेपालको नागरिक रहेको अवस्थामा १६ वर्ष उमेर पुगेका सन्तानलाई वंशजका आधारमा नागरिकता पाउनेछन् । पारित विधेयक अनुसार पारित भएर ऐन बनेपछि ३ असोज ०७२ भन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानले नेपालको नागरिकता प्राप्त गर्न सक्नेछन् ।

यस्तै, नेपालको संविधानले आमाको नामबाट नागरिकता जारी हुने भनेको छ । तर, संविधान अनुसार संघीय कानुन नबन्दा यो संवैधानिक व्यवस्था कार्यान्वयनमा आउन सकिरहेको छैन् ।

'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ' संविधानको धारा ११ (५) मा उल्लेख छ । यसको अर्थ हो, संविधानले आमाको नामबाट पनि नागरिकता जारी हुने ढोका खुला गरेको छ ।

संविधान जारी भएको ७ वर्षसम्म आमाको सार्वभौमसत्ता कार्यान्वयनमा आउन सकेन । कारण- संविधान कार्यान्वयन गर्ने गरी संघीय कानुन नै बनेन । तर, शुक्रबार प्रतिनिधिसभाले आमाको नामबाट पनि नागरिकता बनाउन सकिने गरी विधेयक पारित गरेको छ । तर, बुवाको पहिचान हुन नसकेको नेपाली नागरिकले आमाको नामबाट निशर्त नागरिकता भने पाउने छैनन् ।

आफ्ना सन्तानलाई नागरिकता दिन र आफ्नो नामबाट नागरिकता दिलाउन नेपाली नागरिक आमाले राज्यले तय गरेका चारवटा शर्त पूरा गर्नुपर्नेछ । यस क्रममा राज्यले सोध्ने अनगिन्ती प्रश्नहरुको जवाफ दिनुपर्नेछ । गृहमन्त्रालयले तयार पार्ने नियमावलीमा प्रश्नहरुको ढाँचा राखिनेछ ।

पारित विधेयकले अघि सारेको शर्त अनुसार आफ्ना सन्तानलाई नागरिकता दिन नेपाली आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यहोराको 'निज र निजको आमाले तोकिए बमोजिमको स्वघोषणा गर्नुपर्ने' व्यवस्था छ ।

तर, निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगान नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नुपर्ने व्यवस्था शुक्रबार पारित भएको विधेयकमा छ ।

आमाले आफ्नो सन्तानलाई नागरिकता दिलाउँदा एउटा शर्तको पालना गर्नुपर्ने हुन्छ । पारित विधेयकको दफा ४ मा आमाले आफ्नो नामबाट सन्तानलाई नागरिकता दिलाउँदा आमा र उसको सन्तान दुबैले बाबुको पहिचान हुन नसकेको भनी स्वघोषणा गर्नुपर्ने उल्लेख छ ।

'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा गर्नुपर्ने', दफा ४ को उपदफा १ (१क) मा उल्लेख छ ।

आमाको नामबाट नागरिकता प्राप्तीको निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सो को प्रमाणसहित निवेदकले स्वघोषणा गर्नुपर्ने प्रावधान यही दफामा राखिएको छ । गृह मन्त्रालयका अनुसार स्वघोषणाको ढाँचा नियमावलीमा तोकिनेछ ।

यसले शर्त सहित भएपनि संविधान अनुसार आमाको नामबाट नागरिकता जारी गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा लैजाने बाटो खोलेको छ । तर, राखिएका शर्तहरु (स्वघोषणा) झुटो ठहरिए कारबाहीको भागीदार हुनुपर्नेछ ।

पारित विधेयक अनुसार बाबुको पहिचान हुन नसकेको भनी गरेको स्वघोषणा झुटो ठहरिए एक बर्षदेखि तीन वर्षसम्म कैद वा एक लाखदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

# सवारी दुर्घटनामा बालिकाको मृत्यु

**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, ७ साउन

सिरहामा सवारी दुर्घनामा परी एक बालिकाको मृत्यु भएको छ ।

कर्जन्हा न.पा.वडा नं.०३ स्थित पूर्वपश्चिम राजमार्गमा बाटो क्रस गर्ने क्रममा बालिकाको मृत्यु भएको हो ।

बालिकाको पहिचान भने खुल्न सकेको छैन ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको प्र.२-०१-००१ च ०३२७ नं.को पिकअपले बाटो क्रस गर्ने क्रममा बालिकालाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

घाइते बालिकालाई तत्काल उपचारको लागि फुलकुमारी मेमोरियल अस्पताल कर्जन्हा सिरहामा लगिएको थियो । उनको उपचारका क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल लहान सिरहामा पठाइएको छ ।

# सुनचाँदी व्यवसायी संघको ७ औँ साधारणसभा सम्पन्न

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, ७ साउन

रौतहटमा सुनचाँदी व्यवसायी संघको ७ औं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन भएको छ । जिल्लाको मध्यभाग तथा व्यापारिक नगरी भनि चिनिने गरुडाको आर्शिवाद गेष्ट हाउसमा केन्द्रीय सदस्य तथा सुनचाँदी व्यवसायी संघका पूर्वअध्यक्ष प्रकाश गहजराजको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष पण्डित प्रसाद जैसवाल रहेका थिए भने विशिष्ट अतिथिमा नगर उधोग वाणिज्य संघका अध्यक्ष हरेन्द्र प्रसाद चौधरी, मधेश प्रदेशको अध्यक्ष तथा सुन चाँदी व्यवसायी संघका महासचिव रामजी प्रसाद साह र ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंह रहेका थिए ।




कार्यक्रममा सम्बोधन गर्दै केन्द्रीय सदस्य प्रकाश गहतराजले व्यवसायी संघमा विभिन्न किसिमका समस्याहरु आइरहेको भन्दै त्यसलाई समाधान गर्न सबै एकजुट भई समाधान गर्नुपर्ने बताए ।

व्यवसायीहरुलाई प्रहरी प्रशासनले पनि विभिन्न तरिकाबाट अनाधिकृत रुपमा दु:ख दिँदै आइरहेको उनले बताए । त्यस प्रकारका समस्याहरुलाई निरुत्साहित गर्न पनि उनले आग्रह गरे । त्यस्तै कार्यक्रममा सम्बोधन गर्दै मधेश प्रदेशका अध्यक्ष तथा सुन चाँदी व्यवसायी संघको महासचिव रामजी प्रसाद साहले मधेश प्रदेशमा सुनचाँदी व्यवसायी लगायत सम्पूर्ण व्यवसायी समस्यामा रहेको बताए । देशलाई नै चलाउने व्यवसायी हो तर व्यवसायीहरुलाई समस्या हुँदा कसले बुझिदिने भनि उनले प्रश्न समेत गरे ।

देशलाई चलाउन व्यापारीहरुको पनि ठूलो भुमिका रहेको उनको भनाइ छ ।

जिल्लामा करिब २ सय जना सुनचाँदी व्यवसायी रहेको महासचिवले साहले बताए ।

# दैनिक बढ्दै कोरोना सक्रिय संक्रमित

**काठमाडौं / मस**- नेपालमा कोरोनाको सक्रिय संक्रमित दैनिक बढ्दै गएको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या २ हजार ९७१ पुगेको छ । यसअघि शुक्रबार सक्रिय संक्रमितको संख्या २ हजार ८४१ थियो । साउन १ गते सक्रिय संक्रमितको संख्या १ हजार ४३९ थियो । साउन २ गते १ हजार ७७६, साउन ३ गते १ हजार ९८२, साउन ४ गते २ हजार २७६, साउन ५ गते २ हजार ५३७ र साउन ६ गते २ हजार ८४१ थियो । गत २४ घण्टामा २ हजार ९९६ जनाको परीक्षण गर्दा ३३५ जनामा संक्रमण पुष्टि भएको छ । हाल कोरोना संक्रमणदर ११ दशमलव १८ प्रतिशत पुगेको छ ।

हाल संक्रमितमध्ये दुई हजार ८३२ जना 'होमआइसोलेशन', १३९ 'संस्थागत आइसोलेशन' र २५ जना 'आइसीयूमा' उपचाररत छन् । मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, हुम्ला, बाजुरा, डडेल्धुरामा सक्रिय संक्रमितको संख्या शून्य छ । शनिबार दुई लाख ३६ हजार ७३८ जनाले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ ।

# होल्डिङ सेन्टर रित्तै, छाप्रोमा हेल्थ डेस्क


**माधव बेल्वासे/मध्यान्ह**
कपिलवस्तु, ७ साउन

सरकारले भारतसँग जोडिएका नाकामा होल्डिङ सेन्टर निर्माण गरेपनि सञ्चालनमा आउन सकेको छैन । भारतबाट नेपाल भित्रिएका नेपालीहरूलाई प्रवेश विन्दुमै होल्डिङ सेन्टरमा राखेर पीसीआर र एन्टिजेन परीक्षणका लागि तथा संक्रमितहरूलाई सुरक्षित राख्नका लागि १ हजार जना अट्ने होल्डिङ सेन्टर निर्माण भएका छन् ।

२०७८ वैशाख ५ गतेको मन्त्रिपरिषद्को बैठकले ८ वटा नाकामा होल्डिङ सेन्टर निर्माण गर्ने निर्णय गरेको थियो। सोही अनुसार झापाको काकरभिट्टा,मोरङकोरानी,पर्साको वीरगन्ज,रुपन्देहीको बेलहिया,कपिलवस्तुको कृष्णनगर, बाँकेको जमुना,कैलालीको गैरिफन्टा र कन्चनपुरको गड्डाचौकीमा होल्डिङ सेन्टर निर्माण भएका छन् ।

कृष्णनगरमा होल्डिङ सेन्टर बनाउने जिम्मा पाएको नेपाली सेनाले २७ करोड ६७ लाखको लागतमा होल्डिङ सेन्टर निर्माण गरेको हो ।

होल्डिङ सेन्टर निर्माणको काम पूरा भए पनि कसले सञ्चालन गर्ने भन्ने स्पष्ट नहुँदा सञ्चालनमा आउन सकेको छैन । निर्माणको काम सम्पन्न भएको ६ महिना बिते पनि सञ्चालन नहुँदा सीमा नाका नजिकै एक छाप्रोमा स्वास्थ्य जाँच भइरहेको छ । कृष्णनगरमा छाप्रो नजिकै




६ सय बेडको होल्डिङ सेन्टर छ भने सीमा देखि १ किलोमिटरको दुरीमा शिवानगरमा ४ सय बेडको होल्डिङ सेन्टर छ ।

होल्डिङ सेन्टर सञ्चालनका लागि केन्द्रले परिपत्र नगरेको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार कुमार मिश्रले मध्यान्हलाई बताए । 'सीसीएमसीसीको निर्णय अनुसार सञ्चालन हुनेछ, अहिले सम्म कुनै जानकारी छैन,' मिश्रले भने, 'स्थानीय तहलाई हस्तान्तरण गर्ने योजना छ, हस्तान्तरणको काम पनि भएको छैन ।'

कोरोना महामारीको चौथो लहर शुरु भइसकेकोले होल्डिङ सेन्टर सञ्चालनका लागि केन्द्र तथा प्रदेशले स्थानीय तहलाई स्रोत साधन उपलब्ध गराउनुपर्ने कृष्णनगर नगरपालिकाका प्रमुख रजत प्रताप शाहले बताए । 'होल्डिङ सेन्टर अति आवश्यक छ, तर सञ्चालन गर्न स्थानीय तहलाई समस्या छ,' शाहले भने, 'केन्द्र र प्रदेश सरकार यस विषयमा गम्भीर हुन आवश्यक छ ।'

कृष्णनगर नगरपालिकाले एक छाप्रो निर्माण गरी भारतबाट नेपाल आउनेहरूको स्वास्थ्य जाँच गरिरहेको छ । कोरोना पोजेटिभ रिपोर्ट आउनेहरूलाई पनि सिधै घर पठाउन स्वास्थ्यकर्मीहरू बाध्य छन् । केही समय कोरोना महामारी कम भए पनि पुनः संक्रमित बढ्न थालेपछि सीमा नाकामा कडाइका साथ जाँच शुरु गरिएको छ ।

अहिले दैनिक ५० देखि १ सय जना नेपालीहरूको जाँच हुने गरेको स्वास्थ्यकर्मी पंकज गुप्ताको भनाइ छ । 'टेन्टले बेरिएको छाप्रोमा बसेर चेकजाँच गरेका छौं, सुरक्षाको दृष्टिकोणले अति संवेदनशील छ,' गुप्ताले भने, 'भारतबाट आउनेहरूको भिडभाड र जाँचका लागि ठाउँ काम हुँदा असहज छ ।'

पछिल्लो केही दिनदेखि दैनिक संक्रमित बढ्दै गएको गुप्ताले बताए । 'नजिकै रहेको होल्डिङ सेन्टर खाली छ, हामी यहाँ असहज हुँदा हुँदै पनि काम गरिरहेका छौं,' गुप्ताले भने, 'होल्डिङ सेन्टर सञ्चालन भएर संक्रमितहरूलाई पनि सुरक्षित साथ राख्न सकिन्थ्यो ।'

भारतबाट नेपाल आउनेहरूमध्ये गत जेठ महिनामा ११ जना, असार महिनामा ४७ जना र साउन महिनाको ५ दिनमै २० जना संक्रमित फेला परेका छन् । यसरी हेर्दा साउन महिनामा संक्रमितको संख्या उच्च हुने अनुमान छ ।

# विकासका लागि कसैको मुख ताक्दिनँ: सांसद बस्नेत



**भक्तपुर/मस-** सहयोगी निलबाराही टोल सुधार समाज भक्तपुरको सातौं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ । साधारण सभा निलबाराही बैंक्वेट्समा नेकपा एमालेका पोलिटव्यूरो सदस्य, पूर्व उद्योग मन्त्री तथा सांसद महेश बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा पूर्वमन्त्री बस्नेतले आफूहरु सधैंभरी विकासका निम्ति कुनै पनि आरोह अवरोहका बीचमा जनताका घरदैलोमा सुख र दुःखका साथमा रहिरहने प्रष्ट पारे । सांसद बस्नेतले सरकारले कुनै पनि विकास निर्माणका कामहरुलाई अगाडि बढाउन नसकेको आरोप लगाउँदै सरकार जंगलको सिंह झैं सुतेर बसेको र दिन दुई गुणा रात दश गुणाले महँगी बढ्दा समेत शेरबहादुर देउवा नेतृत्वको सरकारलाई कुनै चासो नभएको बताए ।

उनले भने, 'आज नेपाली जनताले सरकार भएको महसुस नै गर्न पाएका छैनन् । वर्तमान सरकारले विकासका कामलाई रोकेर भक्तपुरमा आएको बजेटलाई कटौती गरी विकास विरोधी काम गरेको छ। कुनै पनि हालतमा भक्तपुरलाई बजेटको कमी हुन दिन्नँ, म प्रतिबद्ध रहि रहनेछु।'

उनले मध्यपुर नगरपालिका वडा नं. ८ नयाँबस्तीमा रहेका हरेक खालका समस्यालाई आफ्नो व्यक्तिगत सहयोग सद्भाव रहिरहने प्रतिबद्धता पनि व्यक्त गरे । उनले भने, 'यस टोलभित्र रहेका प्रमुख समस्या ढल, बाटोघाटो र यहाँको स्थानीयका लागि सानै भएपनि खेल मैदानका लागि सांसद कोषबाट भएपनि केही थोरै बजेटको उचित व्यवस्थापन गर्छु।'

समाजका अध्यक्ष तथा पत्रकार पुस्कर बस्नेतले यस टोलभित्र रहेका केही अधुरो कामहरुलाई पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले टोलभित्रका बाटोलाई स्तरोन्नती गर्दै ढल र खेलमैदानका निम्ति सबै राजनीतिक दलहरुसँग समन्वय गरेर विशेष पहल कदमी गर्ने अध्यक्ष बस्नेतले बताए ।

उक्त कार्यक्रममा नेकपा एमालेका जिल्ला कमिटी सदस्य शैलेन्द्र श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका वडा नं. ८ का अध्यक्ष रामचन्द्र जयना, युवा उद्यमी तथा समाजसेवी भीम गिरी, युवा उद्यमी तथा सहकारीकर्मी बाबुराम थापा, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य शिव बस्नेत, समाजका निर्वतमान अध्यक्ष ठेलुमान राईलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम सञ्चालन समाजका सचिव जान्दबी प्रसाद दाहालले गरेका थिए । उक्त सभाले आर्थिक प्रतिवेदन र सांगठनिक प्रतिवेदन सर्वसम्मतरुपले पारित गरेको थियो ।

# बडिमालिका नगरका दरबन्दी बेगरका कर्मचारी हेरफेर



**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ७ साउन

बाजुराको बडिमालिका नगरपालिकाले दरबन्दी बेगरका कर्मचारीहरु हेरफेर गरेको छ ।

नगरप्रमुख अमरबहादुर खड्काले शनिबार पत्रकार सम्मेलन गर्दै भने, 'स्वास्थ्य र शिक्षा क्षेत्रमा अत्यावश्यक भएकोले हेरफेर गरिएको छैन । तर नगरपालिका भित्रका अन्य केही कर्मचारीहरुको दरबन्दी बेगर नियुक्ती गरिएकाले नगरपालिकाको आयश्रोतको दुरुपयोग हुँदै आएकोमा केही कर्मचारीलाई म्याद थप नीतिबाटै नहुने बाध्यभएर हटाउनु परेको छ।'

दरबन्दी बेगरमा रहेका कर्मचारीहरुमा ५ जनालाई मात्र यसपटक नगरले हेरफर गर्न बाध्य भएको उनले बताए । बाँकी अरु दरबन्दीका सबै कर्मचारीहरुले कार्यालयमा काम गरिरहेका छन् ।

हेरफेर गरिएका ५ जना कर्मचारीहरुमध्ये एक जना एम्बुलेन्स चालक छन् । जुन एम्बुलेन्स बडिमालिका नगरपालिकामा छैन। आफ्नो नगरको अहिलेसम्म कुनैपनि एम्बुलेन्स नभएको हुँदा एम्बुलेन्स चालक भनेर नियुक्ती गरिएका ब्यक्तिलाई एम्बुलेन्स खरिद नभएसम्मका लागि सो पद कायम नगरिएको नगर प्रमुख खड्काले बताए ।

अर्को नगरपालिकाको गाडी चालकमा आफ्नो विश्वासिलो मान्छे हुनुपर्ने भएकोले सो कारण हटाएको हो । साथै नगरपालिकामा अर्को गाडी कुनै पनि नभएकाले उनलाई पनि हटाउनुपर्ने बाध्य भएको नगरप्रमुखले बताए ।

अर्का एकजना विद्युत कर्मचारी भनेर राखिएको थियो । सो पद समेत कायम नभएकाले उनलाई पनि हेरफर गर्न बाध्य भएको नगर प्रमुख खड्काले बताए ।

त्यसैगरी मेड्पा कार्यक्रमका संयोजकमा निजामती कर्मचारी फोकल पर्सन हुने प्रावधान रहेकाले अर्को व्यक्तिको पद कायम गर्न नसकिएकोले उनलाई पनि बाध्यताले हटाउनुपरेको नगरप्रमुखले बताए ।

यसरी काम गरिराखेका कर्मचारीहरुलाई आफ्नो कार्यकालमा हटाउनुपर्दा आफुलाई सारै दुःख लागेको पनि नगरप्रमुख खड्काले बताए ।

म्याद थप गरिएका करार कर्मचारीहरुको पनि कार्यसम्पादन र मुल्याङ्कनका आधारमा हेरफेर गर्न सकिने प्रावधान भएकाले सो कार्यलाई ३ महिनाभित्र सम्पन्न गरिने नगर प्रमुख खड्काले बताए।

नगरपालिकामा भ्रष्टाचारलाई शुन्य सहनशिलतालाई मध्यनजर गर्दै नगरपालिकाको कार्यविधि, कार्ययोजना र मुल्याङ्कनलाई आधार बनाएर कर्मचारीहरुको हेरफेर गर्न सकिने नगरप्रमुख खड्काले बताए ।

यता शिक्षा क्षेत्रतिर भने नगर स्वयमं सेवक शिक्षक रहेकाले उनीहरुको हकमा भने सिकाई उपलब्धी कार्यसम्पादन र मुल्याङ्कनको आधारमा नगर अनुदान शिक्षकमा रुपान्तरण गर्न सकिने छ । शिक्षा क्षेत्रमा राम्रो काम गर्ने नगर शिक्षकहरुका लागि पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गर्ने नगरप्रमुख खड्काले बताए ।

कार्यक्रममा नगर उपप्रमुख वडाअध्यक्ष लगायत विभिन्न क्षेत्रमा काम गर्ने पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# एक हप्तादेखि नगरपालिकाको कामकाज ठप्प




**उदयपुर/मस-**उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको त्रियुगा नगरपालिकामा करार तथा अस्थायी कर्मचारीहरुको म्याद थप नगरी एक हप्ता अगाडि मात्र निष्कासन गरिएकामा आन्दोलनरत कर्मचारीहरुले आफूहरु पुनः बहाली हुनुपर्ने माग गर्दै पाँच दिनदेखि नगरपालिकाको मूलगेटमा ताला लगाई धर्ना बसेर कामकाज ठप्प पारेका छन् ।

बिहीबार र शुक्रबार आन्दोलनकारी कर्मचारीहरुले नगरपालिकाको मूलगेटमै ताला लगाएपछि नगरपालिकाका कुनै जनप्रतिनिधिहरु पनि नगपालिकाभित्र प्रवेश गर्न सकेनन्, केही सेवा लिन आएका सेवाग्राही पनि रित्तै घर फर्कनु परेको थियो। एक हप्तादेखि आफूहरुले नगर प्रमुख वसन्तकुमार बस्नेतको ध्यानाकर्षण गराएको र आफूहरु विनाकारण निष्कासन हुन परेकाले पुनः बहाली नभएसम्म आन्दोलन नरोकिने आन्दोलनकारी कर्मचारीका तर्फबाट संयोजक कृपाराम चौधरीले बताए ।

यसै आर्थिक वर्षको साउन १ गतेदेखि नगरपालिकाका ६० अस्थायी, ज्यालादारी र करारका कर्मचारीहरुको नगरपालिकाले म्याद थप नगरेकाले आन्दोलनरत कर्मचारीहरु स्वतः निष्कासनमा परेको त्रियुगा नगरपालिकाले बताएको छ । नगपार प्रमुख बस्नेतका अनुसार अस्थायी र करारका धेरै संख्याको कर्मचारी पाल्दा नगरपालिकाले ठूलो आर्थिक व्यय खेप्न परेकाले कुनै आग्रह र पूर्वाग्रहविना नै उनीहरु कसैलाई पनि म्याद थप नगरिएको हो ।

अब आफूले निर्णय गरिसकेका कारण निर्णयबाट कुनै पनि हालतमा नफर्किने उनको भनाइ थियो। आन्दोलनरत कर्मचारीहरु भने आफूहरु विनाकारण निष्कासनमा परेकाले पुनः बहाली नभएसम्म नगरपालिकामा निरन्तर धर्ना दिने, गेटमा ताला लगाउने र नगरपालिकाको कामकाज ठप्प बनाउने अडानमा रहेको बताए ।

नगर उपप्रमुख महेस्वरी राईसहित विभिन्न वडाका अध्यक्षहरु तथा सदस्यहरुसहित गरेर १७ जनप्रतिनिधिहरुले भने तत्काल नगर बैठक बोलाउन नगर प्रमुख बस्नेतलाई एक पत्र लेखेर आग्रह गरेका थिए ।

वडा नं १० का अध्यक्ष किरण पाण्डेले भने, 'एक हप्तादेखि नगरपालिकामा ताला लगेको र कर्मचारीहरुले मूलगेटमा नै बसेर धर्ना दिएका कारण नगरप्रतिनिधिहरुसमेत कार्यालयभित्र छिर्न नपाइएकाले प्रमुखलाई तत्काल बैठक बोलाउन र समस्याको विषयमा छलफल गराउन एक पत्र लेखेर बुझाइएको हो ।' आन्दोलनरत कर्मचारीहरुका अनुसार आफूहरु वार्ता विरोधी नभएको र प्रमुखले वार्तामा बोलाएर छलफल गराए त्यहीबाट समस्याको समाधान होस् भन्न चाहेको एक आन्दोलनरत कर्मचारी बताए ।

# नेपालगञ्जमा रगत अभाव, ३४ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, ७ साउन

बाँकेको नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० मनिकापुर वडा कार्यालयको आयोजनामा आयोजित रक्तदान कार्यक्रममा महिला, पुरुष गरी ३४ जनाले रक्तदान गरेका छन् ।

नेपालगञ्जमा अहिले रगतको अभाव भएको समयमा वडा नं. २० का वडाध्यक्ष कौशल कुमार धोबीले रक्तदान गर्नुपर्छ ?, भन्दै प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जमा खबर गरेका थिए ।

शनिबार २० नं. वडा कार्यालयको आयोजनामा रक्तदान गर्ने निर्णय भएको थियो ।

बिजय कुमार लोनियाको संयोजकत्वमा आयोजित रक्तदान कार्यक्रममा राष्ट्रिय भूमि आयोग बाँकेका अध्यक्ष श्रवण कुमार यादव र वडा नं.-२० का वडाध्यक्ष कौशल कुमार धोबीले प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जका प्राविधिक उपेन्द्र रेग्मी र होमराज गिरीलाई रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।



रक्तदान कार्यक्रममा राष्ट्रिय भूमि आयोग बाँकेका अध्यक्ष श्रवण कुमार यादव, आशा सार्की, दण्ड प्रकाश शर्मा, सुनिल यादव, विकाश यादव, राम बहादुर रावत, अँगनुराम धोबी, अमन बाबु श्रेष्ठ, प्रदिप हरिजन, निरञ्जन श्रेष्ठ, नविन कुमार थापा, सुनिता वर्मा, नारायण लोनिया, दिपेन्द्र थापा, दुर्गा बहादुर सार्की, नविन क्षेत्री, बीनाराम खडका, धन बहादुर थापा, सुनील रोका, बसन्त कुमार खटिक, मेघराज सुनार, मेघनाथ कुर्मी, श्रीप्रसाद दाहाल, अर्जुन यादव, गणेश भुजेल, बिनोद कुमार थापा, महेन्द्र थापा, बिमल कुमार वर्मा, नूरुल हसन दर्जी, बाबादीन धोबी, हसन अली, सन्तोष सिंह, नरेश बुढाथोकी, दिपक कालीदास लागायत ३४ जनाले रक्तदान गरेका छन् ।

सो रक्तदान कार्यक्रममा वडा नं.-२० का पदाधिकारी, कर्मचारी, एकता युवा क्लबका अध्यक्ष राजेश कुमार यादव लगायतको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, होमराज गिरी, सुनिल रत्गैया, वीरेन्द्र योगी, बैकुण्ठ रेग्मीले प्राविधिकमा सहयोग गरेका थिए ।

वडा नं.-२० का वडाध्यक्ष कौशल कुमार धोबीले यस्तो मानवीय कार्यलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका थिए ।

# १४ बुँदे घोषणापत्र जारी गर्दै सकियो धामी-झाँक्री सम्मेलन

**गोदावरी/मस-** कैलालीको धनगढीमा मर्यादित महिनावारीका लागि तीन दिनदेखि सञ्चालित धामी झाँक्री सम्मेलन १४ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनले मर्यादित महिनावारी वातावरण निर्माण गर्न धामी झाँक्रीहरूले महत्वपूर्ण भूमिका खेल्न सक्ने तथ्यलाई मध्यनजर गरी महिनावारीमा भेदभाव गर्ने, छुवाछूत गर्ने कु-प्रथाको अन्त्य गरी महिनावारीलाई मर्यादित बनाउनुपर्ने घोषणा गरेको छ ।

महिनावारीको रगत पवित्र र सृष्टिको आधार भएकाले यसलाई मर्यादित बनाउन सबैको जिम्मेवारी महत्वपूर्ण जनाउँदै धामी झाँक्रीले महिनावारी अवस्थामा रहेका किशोरी र महिलालाई छुवाछूत नगरी उचित सम्मान प्रकट गर्न विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । समाजमा हरेक किशोरी र महिलालाई सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सिर्जना गर्न कुनै पनि किसिमको लैङ्गिक भेदभाव नगरी मर्यादित महिनावारीमैत्री पारिवारिक वातावरण तयार गर्दै जाने अग्रसरता लिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

घोषणापत्रमा घर-परिवारमा मर्यादित महिनावारीमैत्री बनाउन किशोरी, महिलालाई महिनावारी हुने पाँच दिन र महिनावारी नहुने २५ दिन समान व्यवहार कार्यान्वयन गर्नुपर्ने उल्लेख छ ।

धामी-झाँक्रीसँग हेराउन आएका व्यक्तिमा आत्मविश्वास बढाउनका लागि मर्यादित महिनावारीका बारेमा सूसुचित गर्ने, महिनावारीको समयमा पोषण, आवास, सरसफाइ, स्वास्थ्य, शिक्षा, सहभागिताका लागि सकारात्मक सहयोग गर्ने, महिनावारी भएको समयमा पनि किशोरीलाई विद्यालय जान प्रोत्साहित गर्नुपर्ने सो घोषणापत्रमा भनिएको छ ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका अर्थ राज्यमन्त्री अमरबहादुर साउदले मर्यादित महिनावारीका लागि धामी झाँक्री सम्मेलनले जारी गरेको घोषणपत्र कार्यान्वयन गर्न प्रदेश सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले महिनावारी भएको बेला हुने विभेद् विस्तारै कम हुँदै जाने विश्वास व्यक्त गरे ।

छाउपडी अर्थात् महिनावारीप्रति समाजले हेर्ने दृष्टिकोण फेर्नका लागि एक व्यक्ति लाग्नुभन्दा पनि सबैको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो । सम्मेलनमा सुदूरपश्चिमको बाजुरा, डोटी, कैलाली, अछाम र कर्णाली प्रदेशको मुगु जिल्लाका धामी झाँक्री तथा जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# अवैध युरिया मल, सुर्ती र कपडा बरामद

**कर्णाली/मस-**रत्न राजमार्गको नेपालगञ्ज-सुर्खेत सडकखण्डका विभिन्न चेकपोष्टबाट सुर्खेत प्रहरीले अवैध युरिया मल, सुर्ती र कपडा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार कर्णाली प्रदेशको प्रमुख प्रवेशनाका भेरीगङ्गा नगरपालिका-५ सुर्खेत बबईस्थित अस्थायी प्रहरी पोष्टमा खटिएको प्रहरी टोलीले बर्दियादेखि सुर्खेततर्फ जाँदै गरेको भे१च २८८२ नम्बरको बलेरो जिप जाँच गर्दा कुनै पनि बिल नभएको २५ बोरा युरिया खाद मल फेला पारी बरामद गरेको हो ।

त्यस्तै भेरीगङ्गा-१२ सुर्खेत सल्लिचोकस्थित इलाका प्रहरी कार्यालय छिन्चु सुर्खेतबाट खटिइगएको प्रहरी टोलीले नेपालगञ्जबाट सुर्खेततर्फ आउँदै गरेको कप्र०२०१ख ०५८७ नंको फोर्स गाडीमा जाँच गर्दा बिल नभएको चार बोरा बेवारिसे सुपरपावर सुर्ती नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए ।

# विश्व हिन्दू परिषद्को जिल्लास्तरीय समिति पुनर्गठन



**काठमाडौं/मस-**विश्व हिन्दू परिषद् नेपालको काठमाडौं जिल्ला समिति पुनर्गठन भएको छ । विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष टिकाबहादुर पहारी, महासचिव जितेन्द्र कुमार सिंह, संगठन सचिव प्रल्हाद कुमार एवं काठमाडौं उपत्यका संयोजक बाबु शरण सुवेदीको विशेष उपस्थितिमा साउन ७ गते जाउलाखेलस्थित सम्पर्क कार्यालयमा आयोजित एक समारोहबीच समिति पुनर्गठन गरिएको हो ।

धार्मिक अभियान्ता एवं अधिवक्ता तुलसी राम पोखेलको अध्यक्षतामा १९ सदस्य समिति पुनर्गठन गरिएको हो । समिति गठन कार्यक्रममा विभिन्न धार्मिक सामाजिक अभियन्ता लगायत परिषदका स्थानीय कार्यकर्ता एवं स्थानीयबासी समेतको उपस्थिति रहेको थियो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०४/०८**

**हिमाली अर्गानिक मार्ट प्रा.लि**को मिति २०७९/०२/१३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्वदेशी खाद्य उद्योग प्रा.लि. (प्रा. लि. नं.: २५८८९९)** कायम गर्ने गरी मिति २०७९/०२/२७ गते श्री कम्पनी र जिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०४/०८**

**गण्डक एण्ड मिडिया प्रा.लि.**को मिति २०७९/०३/२६ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सपोर्ट मिडिया प्रा.लि. (प्रा. लि. नं.: २९१९६५)**, कायम गर्ने गरी मिति २०७९/०३/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ साउन २०७९, आइतबार
24 July 2022, Sunday

## सम्पादकीय

# बीपी र पुष्पलालको सम्मान

शुक्रबार र शनिबार नेपालका दुई ठूला शिखर व्यक्तिहरूको स्मृति दिवस परेको थियो । शुक्रबार विश्वेश्वरप्रसाद कोइरालाको स्मृति दिवस थियो भने शनिबार पुष्पलालको स्मृति दिन थियो । बीपी र पुष्पलाल नेपालका राजनीतिक नेतृत्वको त्यस्ता अग्ला व्यक्ति हुन्, जसको उचाइ अरू नेताले लिन सकेका छैनन् । राणा शासन, पञ्चायत र राजतन्त्रविरोधी आन्दोलनको उद्घोष र अगुवाई र बीपी र पुष्पलालले नै गरे । बीपीले प्रजातान्त्रिक विचारधाराको नेतृत्व गर्ने नेपाली कांग्रेस र पुष्पलालले कम्युनिष्ट पार्टीको स्थापना गरेका थिए । दुवै नेताको अगुवामा राणा शासनको अन्त्य भयो । तर पञ्चायत र राजतन्त्र अन्त्य गर्न सकेनन् । किनकि राजा महेन्द्रले ०१७ सालमा पञ्चायती व्यवस्था शुरू गरे, जसले बीपी र पुष्पलालको जीन्दगी त्यही अवधिमा भयो ।

तर कांग्रेस र कम्युनिष्ट पार्टीको संयुक्त प्रयत्नमा ०४६ सालमा पञ्चायतको अन्त्य भयो । संवैधानिक राजतन्त्र सहितको बहुदलीय व्यवस्था शुरू भयो । बहुदलीय व्यवस्था पनि राम्ररी चल्न नसक्दा फेरि ज्ञानेन्द्र शाहले शाही कू गरे । ज्ञानेन्द्रको कू पछि फेरि कांग्रेस र कम्युनिष्टको संयुक्त प्रयत्नमा राजतन्त्रकै अन्त्य भयो । ०६३ सालमा राजतन्त्र अन्त्य गर्दै गणतन्त्र स्थापना भयो । अहिले मुलुकको नेतृत्व राजनीतिक दलहरूले गरिरहेका छन् । ०७२ को संविधान जारी भएपछि दुई पटक स्थानीय चुनाव भइसकेको छ । गएको वैशाख ३० गते स्थानीय चुनाव सकिएको छ । अब हुने संघ र प्रदेशको चुनावपछि संसदीय चुनाव पनि दुई पटक हुनेछ ।

००७ सालको क्रान्तिदेखि हस्तक्षेपकारी भूमिकामा रहेका कांग्रेस र कम्युनिष्ट पार्टीहरूसँगै आम नागरिकले पनि बीपी र पुष्पलालको स्मृतिमा अनेक कार्यक्रम गरे । बीपी र पुष्पलाल सम्मानका लायक छन् पनि । किनकि तिनै नेताहरूले स्थापना गरेको विचारधारा र पार्टीहरू आज नेपालको नेतृत्व गर्दैछन् । तर सँगै, अनेक पटक क्रान्ति भइरहनुपर्ने र फेरि प्रतिगमन देखापर्ने प्रवृत्ति पनि देखिने गरेको छ । यसले राजनीतिक पार्टीहरूले आफ्नो गम्भीर समीक्षा गर्नुपर्नेछ । सधैं राजनीतिक अस्थिरता भइरहनुको कमजोरी पत्ता लगाउनुपर्नेछ । जसले मात्रै बीपी र पुष्पलालको सच्चा सम्मान हुनेछ । यदि जनताको शासन कमजोर भइरहने अवस्था हुने हो भने त्यसले संस्थापक नेताहरूको भावना सम्मान हुनेछैन । अतः हरेक वर्ष जन्मोत्सव र स्मृति मनाएर मात्रै बीपी र पुष्पलालको सम्मान हुनेछैन ।

# 'कृषि र पर्यटनबाट भगवतीमाईलाई देशभर चिनाउँछौं'

दैलेख जिल्लाको पूर्वी भेगमा पर्ने एउटा सुन्दर गाउँपालिका हो भगवतीमाई गाउँपालिका । यो गाउँपालिकामा कृषि उत्पादन तथा पर्यटकीय गन्तव्यको रूपमा चर्चित छ । भगवतीमाई गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिकरूपले फरक विशेषता बोकेको क्षेत्र पनि हो । मध्य-पहाडी लोकमार्ग यस गाउँपालिकाको बिच भएर गएको छ । कृषि उत्पादन अधिकांश कृषकहरुले परम्परागत ढंगले नै लगाई रहेका छन् । यस भेगमा खाद्यान्न, फलफुल सुन्तला, तरकारी, मसला बाली, बाख्रापालन, आलुखेती, भट्टमास प्रचुर मात्रामा गर्दै आइरहेका छन् भने, केरा, ओखर, मौरीपालन, टिमुर खेती, भैसीपालन आदि पनि केही रूपमा गर्दै आएका छन् । यस गाउँपालिकामा सात वटा वडाहरु क्रमशः पगनाथ, रुम, मेहेलतोलि, जथनाथ, कट्टि र वडाभैरवमा रहेका छन् । कृषि उत्पादन र पर्यटनमा निकै सम्भावना बोकेको यस गाउँपालिका अध्यक्ष गणेशबहादुर थापासँग मध्यान्ह दैनिकले गाउँपालिकाको आगामी योजनासँग सम्बन्धीत रहेर केही जिज्ञासा राखेको छ । पालिका अध्यक्ष थापासँग मध्यान्ह दैनिकका यमराज बिष्टले गरेको कुराकानीको सम्पादित अंश :

**गाउँपालिकामा कस्ता किसिमका योजनालाई पहिलो प्राथमिकता राखेर काम गरिरहनु भएको छ ?**

जनताले जनप्रतिनिधिका रूपमा विभिन्न जाति, समुदाय र समाजका समस्या समाधानका लागि आशा गरेर जिताउनु भयो । भोट दिनुभयो । स्थानीय तहमा स्थानीय सरकारमार्फत विकास हुनेमा विश्वास लिनुभयो । हामीले गाउँपालिकामा पूर्वाधारलाई नै अगाडि सारेका छौं । त्यससँगैसँगै कृषि, सिँचाइ, शिक्षा र अन्य विद्यालयको भौतिक पुर्वधारलगायत कामलाई पहिलो प्राथमिकता राखेर अगाडि बढिरहेका छौं । भगवतीमाई कृषि र पर्यटनमा प्रचुर सम्भावना बोकेको पालिका हो । दैलेखको पूर्वी यो क्षेत्रलाई हामी कृषि र पर्यटनबाटै चिनाउने योजनामा छौं । गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्रममा पनि सोही लक्ष्यमा केन्द्रीत रहेर बनाइरहेको छ । पालिकाका युवालाई कृषि कर्ममा प्रोत्साहित गर्नेगरि हाम्रा योजनाहरु तय भएका छन् । त्यसैगरि हामीले पर्यटकीय क्षेत्रहरुको विकासलाई पनि पालिकाको साझा कार्यक्रम बनाएर अगाडि बढेका छौं ।

**गाउँपालिकामा रहेका ठूला योजना तथा परियोजनाहरु के-के रहेका छन् ?**

हाम्रो गाउँपालिकामा रहेको ठूलो योजना भनेको कृषि, वडामा सडक स्तर वृद्धि र खानेपानी रहेको छ । किसानहरुको लागी अनुदानका कार्यक्रम ल्याएका छौँ । हामीले पशुपालन गर्ने कृषकलाई अनुदान पनि दिने छौं । यो बर्ष बजेट फ्रिज जाने छैन । ६० देखि ६८ वर्षसम्म एकल पुरुषलाई पनि भत्ता दिने व्यवस्था गरेका छौँ । बडाभैरवदेखि पगनाथ हुँदै कट्टिसम्म रिङ रोड बनाउने योजनामा छौँ । कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर काम गर्दै छौं । किसानले उत्पादन गरेका तरकारी तथा फलफूलको बजारीकरण गर्ने, विदेशमा पलायन भएका युवाहरुलाई आफ्नै गाउँमा स्वरोजगार हुन हामीले कृषि ऋण दिलाउने विषयमा सहजीकरण गर्दैछौं ।

**आफ्नो गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार कसरी गरिरहनु भएको छ ?**

भगवतीमाई गाउँपालिका क्षेत्रभित्रको सांस्कृतिक, धार्मिक पर्यटन क्षेत्रको प्रचार प्रसार गरिरहेको छौँ । हामीले मुख्य गरेर मालिकामाई मन्दिरलगायत अन्य सम्भावना बोकेका धार्मिक क्षेत्रको प्रचार-प्रसार गरिरहेका छौं । मालिका मन्दिरसम्म जानलाई बाटो व्यवस्थापन गर्नका लागि केही बजेट छुट्याएका छौं । अहिले तत्कालका लागि १० लाख बजेट बाटोका लागि छुट्याएका छौ । भगवतीमाई रहेका अन्य पर्यटकीय स्थलको रूपमा रहेका विभिन्न ठाउँको प्रचार-प्रसार गरिरहेका छौं । यहाँका मौलिक पन बोकेका लहरे पौंचरी नाच, देउडा, रतेउलीलाई संरक्षण गर्ने हाम्रो योजना रहेको छ ।



**गणेशबहादुर थापा**
अध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख

> भगवतीमाई कृषि र पर्यटनमा प्रचुर सम्भावना बोकेको पालिका हो । दैलेखको पूर्वी यो क्षेत्रलाई हामी कृषि र पर्यटनबाटै चिनाउन सक्छौं । गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्रम पनि सोही लक्ष्यमा केन्द्रीत रहेर बनाइरहेको छ ।

**नेतृत्वको रुपमा काम गर्दै गर्दा कर्मचारी प्रशासनको सहयोग कति पाउनुभएको छ ?**

मुख्य कुरा जनप्रतिनिधिहरु अभिभावकको भूमिकामा रहने हुँदा काम गर्ने वातावरण हामीले बनाउनु पर्छ । कर्मचारीलाई काम गर भनेर दवाव दिएर हुँदैन । गाउँपालिकाको अध्यक्ष भएको हैसियतले यो कुरा मैले बुझ्नुपर्छ भन्ने लाग्छ । मैले व्यवस्थापन गर्न जान्नुपर्छ र निर्देशन दिनुपर्छ । काम गर्नेलाई मैले प्रोत्साहन दिने छु । सम्मान गरेको छु । तर, काम नगर्नेहरुलाई कारवाही पनि गर्छु । त्यसैले भगवतीमाई गाउँपालिकामा काम गर्ने वातावरण छ ।

**गाउँपालिकालाई शिक्षा, स्वास्थ्य, विकास, यातायात, कृषि क्षेत्रमा समृद्ध र आत्मनिर्भर बनाउन के-के योजना बनाउनु भएको छ ?**

म सधैं जनताको सेवा गर्नको लागि राजनीतिमा लागेको र जीवनभरी जनताको सेवा गर्न पछि नहटने व्यक्ति हूँ । भगवतीमाई गाउँपालिकाका ७ वटै वडाहरुमा सहजरूपमा सवारी साधन पुऱ्याउने लक्ष्य रहेको छ । युवाहरुलाई पशुपालन र कृषिमा जोड दिएर व्यवसायी बनाउने, सफा खानेपानीको पहुँच पुऱ्याउने र सबै वडाहरुमा बिजुलीबत्ती लाइन विस्तार गर्ने र भगवतीमाई गाउँपालिका रहेका १ देखि १२ कक्षासम्म अध्यनरत विद्यार्थी कहिलेकाहीँ पढ्दा पढदै बिरामी भयो भने प्रदेश अस्पतालसम्म पुग्नलाई आर्थिक समस्या हुनसक्छ । हामीले निःशुल्क एम्बुलेन्सको व्यवस्था गरेका छौँ । यस गाउँपालिकाभित्र उत्कृष्ट किसान छन् । उनीहरुलाई लक्षीत गरि पालिकाले अनुदानका कार्यक्रम ल्याएको छ । अनुदानमा माछा पालन, कृषि क्षेत्रमा किसानदेखि किसान कार्यक्रम छन् । कक्षामा शिक्षा, क्षेत्रमा नमुना कक्ष संञ्चालन गर्न अलिकति भएपनि अभिभावकसँग विद्यालयमा लगानी गर्न आग्रह गरेका छौँ । हामी यी कुराहरूमा विशेष प्राथमिकता दिएर लागेका छौं । स्वास्थ्य, शिक्षा र कृषिको क्षेत्रमा पर्याप्त बजेट दिने लक्ष्य छ ।

**अत्यमा, गाउँबासीलाई के भन्न चाहनुहुन्छ ?**

भगवतीमाई गाउँपालिकालाई समृद्ध र सुन्दर गाउँपालिका बनाउनका लागि सबैको सहयोग रहोस् भन्ने अपिल गर्न चाहन्छु । काम गर्दा समय लाग्छ, त्यसैले सबले धैर्य गरेर विकासको ढोका पर्खन आग्रह गर्दछु । गाउँपालिकाको विकासको लागि म रात दिन लागि पर्नेछु ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

देशले चल्तीको नालायक राजनीतिको विकल्प अझै खोजिरहेको छ । अहिलेसम्मका विकल्पका प्रयास आकर्षक देखिने तर, कामकाजी नहुने 'काठको सुन्दर खुकुरी' जस्ता भए । स्पष्ट सिद्धान्त, विचार, सोच र योजनासहित आम जनतामा रूपान्तरणको आश जगाउन सक्ने विश्वसनीय र संगठित समूहको पर्खाइमा जनता देखिन्छन् ।



**- मुमाराम खनाल**

सत्ता जोगाउनको लागि गम्भीर राजनीतिक, आर्थिक र कुटनीतिक मुद्दामा समेत हचुवा र स्वार्थको भरमा निर्णय गर्ने घातक प्रवृत्ति देखा पर्दैछ । हिजो संसद विघटनको रूपमा देखा परेको थियो भने आज एसपीपी र नागरिकता विधेयकको रूपमा देखा परिरहेको छ । उल्टो बुद्धि- मुलुक सक्याउने, सत्ता जोगाउने !



**- राधाकृष्ण कटवाल**

नागरिक विधेयक पास हुनुको मुख्य श्रेय माओवादीलाई जान्छ । ०६३ सालमा अन्तरिम संविधान ल्याउनुको कारण पनि माओवादी थियो सोही बेला वैवाहिक अंगिकृत नागरिता तुरून्तै दिने व्यवस्था लागु गरिएको थियो र अहिले पनि माओवादीको समर्थन विना सम्भव थिएन । संघीयताले देश टाठ् पल्टिँदै छ । अंगिकृत..?



**- पङ्कज दास**

दिल्ली भ्रमणबाट फर्केर प्रचण्डले भनेका थिए- भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालसँग मेरो दुई घण्टा लामो नीतिगत कुराकानी भएको थियो र दुई चार दिनमै त्यसको परिणाम देखिने छ । आज संसदबाट नागरिकता संशोधन विधेयक पारित भएको छ । यो संयोगमात्रै हो । नागरिकता विधेयकसँग जोडेर नहेरौं ।



**- डा. सुन्दरी पोखरेल**

आरजू र प्रचण्ड एकै पटक दिल्ली पुग्नुको रहस्य सिन्दुरे विधेयक मात्र होला त ? दिल्लीमा सिन्दुरे विधेयक पारित गर्ने बाहेक अरू पनि थुप्रै षडयन्त्र भएको हुनसक्छ । अब नेपाली जनताले चनाखो हुनुपर्ने बेला भयो । आरजू र प्रचण्डको दिल्ली यात्राको असलियत मिडियाहरूले प्रकाशित गरून् ।

# संघीयता : विरोध होइन, पुनरावलोकन गरौं

विचार



● गुणाखर बस्याल

मुलुकमा संघीयता कार्यान्वयनको पाँच वर्ष पुरा हुँदै गर्दा केही परिवर्तन विरोधी शक्तिहरु र स्वघोषित बुद्धिजिवीहरुले स्याल हुइँया मच्याइरहेका छन् । नेपालमा संघीयता असफल भयो एकात्मक व्यवस्था तिर जानुपर्दछ भन्ने तर्क पनि गरिरहेका छन् । संघीयता घाँडो भयो भनेर पनि तर्कहरु गरिरहेका छन् । अर्कोतिर ठूलो बलिदानीपूर्ण लडाईँबाट प्राप्त संघीय गणतन्त्र स्थापना भएपछि संघीयताका असली हकदारले शासन व्यवस्थाको मूल नेतृत्व लिन सकेनन् । त्यसको विपरित यसको मर्म नबुझ्ने संघीयता विरोधी नेतृत्व सत्तामा पुग्दा यसलाई बदनाम गराउने र असफल बनाएर यो अग्रगामी परिवर्तनलाई उल्ट्याउने दाउमा कम्मर कसेर लागेका छन् । अर्काथरी संघीयताका पक्षधरहरु टुटफुट र विभाजित हुँदै तत्कालिन फाइदाको झिङ्के दाउमा रमाइरहँदा जनतामा काफी भ्रम उत्पन्न भएको छ । यस्तो अवस्थामा इमान्दार संघीयताका पक्षधरहरुले भ्रमहरुलाई चिर्दै निरन्तर र अग्रगामी यात्रा जारी राखिरहनु पर्दछ ।

संघीयता भनेको प्रशासनिक विकेन्द्रीकरण मात्र होइन, यो शासन सत्ता बाँडफाँट पनि हो । संघीयता भनेको शासन सत्ताको तल्लो इकाई सम्मको बाँडफाँट पनि हो, जनतालाई आफ्नो घर आँगनसम्म डेलिभरी दिनु नै संघीयताको मर्म हो । केही मान्छेहरुले संघीयता महँगो भयो भन्दै जनतामा भ्रम दिइरहेका छन् । हिजो १४ अञ्चल, ७५ जिल्ला र पाँच विकास क्षेत्र थियो । तत्कालीन शाषकहरुले जनतालाई ठूलो शोषण गरेर जनतालाई सेवा सुविधा दिन सकेनन् । त्यसकारण त्यो व्यवस्थालाई जनताले फालेका थिए । विकेन्द्रीकरणको सिद्धान्तअनुसार काम गर्न नसक्दा मिल्काइएको व्यवस्था फेरी पुरानै ठिक थियो भन्नु पछाडि फर्कनु हो ।


हामीले संघीयतालाई साध्य ठान्नु हुँदैन । यो त एउटा साधन मात्र हो । साध्य भनेको सुशासन, विकास र समृद्धि हो । शान्ति हो, यी साध्य पुरा गर्न हामीले संघीयताको साधन प्रयोग गरेको मात्र हो ।

संघीयता विरोधीहरु सत्ताको मुख्य बागडोरमा पुग्दा यिनीहरुले नै संघीयताको कार्यान्वयनको तरिका गलत ढंगले प्रयोग गर्दैछन् । तथापी संघीयतालाई सफल बनाउन केही संरचनागत त्रुटीहरुलाई सच्याउन भने जरुरी छ । जुन यी हुन सक्छन् :-

- हाम्रो संविधानले प्रदेश तहमा संसद संख्याको २० प्रतिशतसम्मको मन्त्रीमण्डल बनाउने भनेको छ । यसलाई १० प्रतिशतमा झार्नुपर्दछ । प्रदेश वा संघको संसद संख्या पनि घटाउन जरुरी छ । कर्मचारी संयन्त्रमा पनि सुधार ल्याउन आवश्यक छ । यसो गर्दा प्रदेशमा व्ययभार कम हुन जान्छ ।

- प्रदेश सरकारको मातहातमा स्थानीय तह रहनु पर्दछ । स्थानीयत तहमा पनि भारीभरकम विभागहरु छन् तिनीहरुलाई घटाएर चुस्त दुरुस्त बनाउन जरुरी हुन्छ । शासन व्यवस्था जस्तोसुकै भएपनि जबसम्म हामीले शासकहरु कस्ता भए, संविधानको पालकहरु कस्ता भए, कार्यान्वयन कस्तो भयो भन्ने कुरामा ध्यान दिन जरुरी देखिन्छ ।

- हामीले वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदहरु हटाउन व्यवस्था परिवर्तन गरेका हौँ । अर्कातिर संघमा हाम्रो दुई सय ७५ संघीय संसद छ यसलाई पनि पुनरावलोकन गर्दै अहिले रहेको एक सय ६५ प्रत्यक्ष निर्वाचन क्षेत्रमा सिमित गर्दै सबै वर्ग, जाती, क्षेत्र र लिङ्गको समानुपातिक प्रणाली अनुसार प्रतिस्पर्धा गराउने र महिलाले महिलासँग प्रतिस्पर्धा गर्ने, दलित जनजातीले आ-आफ्नो क्षेत्रमा प्रतिस्पर्धा गराउने प्रणाली विकास गर्न सक्यौ भने खर्च कम गर्न सक्छौं । मन्त्रालय घटाउने, विभागहरु घटाउने र सेना तथा प्रहरीको संख्या पनि घटाउनै पर्दछ ।



शासन सत्तामा साढे तीन वर्ष केपी शर्मा ओलीले बिताए । बाँकी समय शेरबहादुर देउवाले बिताउँदै छन् । तर निजामति कानुन नल्याउँदा कर्मचारी सिंहदरबारमा थुप्रने र उनीहरुलाई काम दिन नसक्दा राज्य ठूलो घाटामा छ । यसकारण कर्मचारीतन्त्रमा पुर्नसंरचना नहुँदा राज्यले ठूलो व्ययभार बढाएको छ । ठूलो जनसंख्या भएको भारत र सानो जनसंख्या भएको स्विट्जरल्याण्ड जहाँ एक करोडभन्दा पनि कम जनसंख्या भएको देशमा २६ प्रदेशहरु छन् तर, स्विट्जरल्याण्डमा कुसलतापूर्वक संघीयता चलेकै छ । भारतमा पनि सफलतापूवर्क नै चलेको छ । हाम्रोमा नचल्ने भन्ने प्रश्नै हुँदैन । मुख्य कुरा त हामीले कहाँ कहाँ सुधार गर्नु पऱ्यो यतातिर ध्यान दिन जरुरी छ ।

> हिजो १४ अञ्चल, ७५ जिल्ला र पाँच विकास क्षेत्र थियो । तत्कालीन शाषकहरुले जनतालाई ठूलो शोषण गरेर जनतालाई सेवा सुविधा दिन सकेनन् । त्यसकारण त्यो व्यवस्थालाई जनताले फालेका थिए । विकेन्द्रीकरणको सिद्धान्तअनुसार काम गर्न नसक्दा मिल्काइएको व्यवस्था फेरी पुरानै ठिक थियो भन्नु पछाडि फर्कनु हो ।

माथिका केही विषयहरु सच्याउन सके मात्रै पनि मुलुकले जनतालाई दैनिक डेलिभरी दिन सक्छ र मुलुक समृद्धिको बाटोमा अघि बढ्ने छ । आगामी दिनमा संघीयता विरोधीशक्तिलाई शासन सत्ताको मुख्य बागडोर नदिन यस्ता तत्वदेखि सावधान रहँदै भर्खर संघीयताको कार्यान्वयको पाँच वर्षमा पुगेको बच्चालाई राम्रो सँग हेरचाह गरौं र हुर्काउन सबैतिरबाट पहल गरौं ।

***(लेखक बस्याल, संविधानसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशको उपाध्यक्ष हुन् । )***

# रुस र युक्रेनबीच अन्न निर्यात सम्झौतामा हस्ताक्षर



**काठमाडौं/एजेन्सी–** युक्रेन र रुसले किभलाई ब्ल्याक सि हुँदै अन्न निर्यात गर्ने एउटा सम्झौतामा हस्ताक्षर गरेका छन् । यो सम्झौतासँगै युद्धका कारण युक्रेनमा रहेको दशौँ लाख टन्न अन्न निर्यात गर्ने बाटो खुलेको छ । युक्रेन संकटका कारण विश्वमा खाद्यन्न आपूर्तिमा अभाव देखिएको थियो ।

२४ फेब्रुअरीमा रुसी हमलापछि लाखौँ मानिस आवश्यक खानेकुराबाट बञ्चित थिए । टर्कीले ब्ल्याक सी हुँदै युक्रेनबाट हुने अन्नको निर्यात पुनः शुरु गर्न रुससँग सम्झौता गरेको बताएको छ । उक्त सम्झौतामा युक्रेन, रुस, टर्की र राष्ट्रसंघका महासचिवले इस्तानबुलमा हस्ताक्षर गरेका छन् ।

सम्झौतामा हस्ताक्षर गर्न रुसी र युक्रेनी समूह शुक्रबार इस्तानबुल पुगेका थिए । सहमतिअनुसार ढुवानी ट्रान्जिटमा हुँदा रसियाले बन्दरगाहहरूलाई निशाना बनाउने छैन् । युक्रेनी जहाजहरूले मालवाहक जहाजहरूलाई मार्गनिर्देशन गर्नेछन् ।

संयुक्त राष्ट्रसंघको सहयोगमा टर्कीले जहाजहरु को निरीक्षण गर्नेछ । त्यस्तै,,ब्ल्याकसी मार्फत अन्न र मल को रूसी निर्यात को सुविधा गरिनेछ। जहाजमा हतियार तस्करी हुने रुसी त्रासबीच टर्कीले निरीक्षण गर्ने सहमति भएको हो ।

सम्झौताको खबरसँगै विश्व बजारमा गहुँको मूल्यमा गिरावट आउने अनुमान गरिएको छ । युक्रेन विश्वको सबैभन्दा ठूलो अन्न उत्पादकमध्ये एक हो र रसियाले यसको प्रमुख ब्ल्याक सी बन्दरगाहहरू अवरुद्ध गरेको छ ।

यस्तै युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनसँग १० अर्ब डलर मूल्य बराबरको अनाज बिक्रीमा रहेको बताएका छन् ।

यसैबीच संयुक्त राज्य अमेरिकाले युक्रेनलाई रुससँग लड्न थप २७० मिलियन डलरको सैन्य सहायता प्रदान गर्ने भएको छ । पछिल्लो सहयोग प्याकेजमा चार नयाँ हिमर्स प्रेसिजन रकेट प्रणाली पनि समावेश छ ।

प्याकेजको विवरणमा एम १४२ हाई मोबिलिटी आर्टिलरी रकेट सिस्टम (एचआईएमएआरएस) पनि छ । एआईएमएआरएस उन्नत हतियारहरू हुन् जुन अधिक सटीक छन् र अन्य तोपखाना प्रणालीहरू भन्दा लामो दायरा प्रदान गर्दछ ।

रुस–युक्रेन युद्ध चर्किरहेका बेला उसले थप २७० मिलियन डलरको सैन्य सहयोग प्रदान गर्न लागेको हो । ह्वाइट हाउसका प्रवक्ता जोन किर्बीले भने, 'रसियाले देशभर घातक हमलाहरू सुरु गरेको छ । सपिङ मल, अपार्टमेन्ट भवनहरूमा आक्रमण गरी निर्दोष युक्रेनी नागरिकहरूको हत्या गरेको छ ।' अमेरिकाले युक्रेन सरकार र त्यहाँका जनतालाई सहयोग जारी राख्ने जनाएको छ ।

यता पूर्वी युक्रेनको दोनबासमा क्रेमलिन समर्थक पृथकतावादीले गुगलमा पहुँच रोकेका छन् । टेक्नोलोजी कम्पनीले 'रुसीविरुद्धको हिंसा' लाई बढावा दिएको उनीहरूले आरोप लगाएका छन् ।

विद्रोही नेता डेनिस पुसिलिनले सर्ज इन्जिनले पुटिनको सेनाको ज्यान जोखिममा पारेको आरोप लगाए । छिमेकी लुगान्स्क जनवादी गणतन्त्रले अमेरिकी साइट ब्लक गरेको एक दिन पछि दोनेत्स्क जनवादी गणतन्त्रका प्रमुखले गुगलको पहुँचमा रोक लगाइएको घोषणा गरेका हुन् ।

'पश्चिम र युक्रेनले गणतन्त्रमाथि अभूतपूर्व दबाब दिइरहेका छन् र शारीरिक र मनोवैज्ञानिक सुरक्षामा खतरा खडा गरिरहेका छन्', पुसिलिनले भने, 'यो दबाबको उद्देश्य दोनेत्स्क जनवादी गणतन्त्रका बासिन्दाहरूलाई धम्की दिनु र उनीहरूको मनोबल तोड्नु हो ।'

# प्रदर्शनविरुद्ध शक्ति प्रयोग नगर्न श्रीलंकाली राष्ट्रपतिसँग आग्रह



**काठमाडौं/एजेन्सी–** अन्तर्राष्ट्रिय मानव अधिकार समूहहरूले सरकारविरुद्ध प्रदर्शन गरिरहेकाहरूमाथि बल प्रयोग नगर्न श्रीलंकाका राष्ट्रपतिसमक्ष आग्रह गरेका छन् । उनीहरूले सुरक्षा निकायहरूलाई तत्काल प्रयोग बन्दको आदेश दिन पनि आग्रह गरेका छन् ।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले बिहीबार पद तथा गोपनीयताको शपथ लिएको भोलिपल्ट राष्ट्रपति कार्यालय बाहिरको एक शिविरमा छापा मारेर सुरक्षा बलका अधिकारीले प्रदर्शनकारीहरूमाथि लाठी प्रहार गरेकामा आपत्ति जनाउँदै उनीहरूले श्रीलंकालीहरूको मौलिक अधिकारको सम्मान गर्न अनुरोध गरेका हुन् ।

ह्युमन राइट्स वाचका दक्षिण एसिया निर्देशक मीनाक्षी गाङगुलीले आज एक विज्ञप्ति जारी गर्दै देशको आर्थिक आवश्यकतालाई सम्बोधनका निम्ति तत्काल आवश्यक उपाय अपनाउन आह्वान गरेकी छन् । उनले श्रीलंकाका अन्तर्राष्ट्रिय साझेदारहरूले आफ्ना जनताको अधिकार कुल्चिने प्रशासनलाई समर्थन गर्न नसक्ने बताएकी छन् ।

ह्युमन राइट्स वाच र एम्नेस्टी इन्टरनेशनलले दुईजना पत्रकार र दुई जना वकिलसहित ११ जना पक्राउ परेको घटनाको निन्दा गर्दै सत्तामा आएको केही घण्टाभित्रै नयाँ सरकारले हिंस्रक रणनीति अपनाउनु लाजमर्दो भएको बताएका छन् । शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार हनन हुन नहुने, बलको अत्यधिक प्रयोग नगर्न, धम्की र गैरकानूनी गिरफ्तारी अन्त्य गर्न दुवै मानवअधिकारवादी संस्थाले आह्वान गरेका छन् ।

चरम आर्थिक संकटले पिरोलिएका श्रीलंकाका जनता औषधि, इन्धन र खाद्यान्नलगायत अत्यावश्यक वस्तुहरूको अभावमा सङ्घर्ष गरिरहेको छन् भने देशलाई पुरानो अवस्थामा फर्काउन राजनीतिक नेतृत्वले आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिँदै दबाब सिर्जना गर्न प्रदर्शनकारीहरू सडकमा ओर्लिएका छन् ।

यसैबीच, प्रदर्शनकारीमाथि भएको दमनको देशका विपक्षी दल, संयुक्त राष्ट्रसंघ र अमेरिकाले निन्दा गरेका छन् ।

# उत्तर प्रदेशमा ट्रकले किच्दा छ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** हरिद्वारबाट भोपाल गइरहेको कन्वर यात्राका तीर्थयात्रीहरूको समूहलाई ट्रकले ठक्कर दिँदा छ जनाको मृत्यु भएको छ । शनिबार बिहान उत्तर प्रदेशको हाथरस जिल्लामा तीव्र गतिमा हुँइकिएको ट्रकले ठक्कर दिँदा मृत्यु उनीहरूको ज्यान गएको स्थानीय प्रहरीले जनाएको छ । घटना आज बिहान भएको हो ।

पाँच जनाको घटनास्थलमा अर्को एक जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो । हरिद्वारबाट ग्वालियर गइरहेका उनीहरूलाई ट्रकले ठक्कर दिएको हो । ट्रकका चालक फरार रहेका र निजको खोजी भइरहेको छ ।

'कन्वर यात्रा' भगवान् शिवका भक्तहरूद्वारा गरिने वार्षिक तीर्थयात्रा हो । कन्वर यात्रीहरू हरिद्वार, गौमुख र गङ्गोत्री र बिहारको सुल्तानगञ्जबाट गङ्गाजल ल्याएर भगवान् शिवलाई चढाउँछन् । कोभिड-१९ का कारण बन्द भएको कन्वर यात्रा दुई वर्षपछि शुरु भएको छ । तीर्थयात्रामा कुनै अप्रिय घटना हुन नदिन विभिन्न क्षेत्रका प्रशासनले आवश्यक उपाय अपनाएका छन् ।

# सिरियाको सुरक्षा र स्थायित्वमा अमेरिकाले अवरोध गरेको आरोप

**काठमाडौं/एजेन्सी–** अमेरिकाले सिरियाको सुरक्षा र स्थायित्वमा अवरोध गरेको आरोप दमास्कसले लगाएको छ । सिरियाली विदेश मन्त्रालयले शुक्रबार एक विज्ञप्ति निकालेर उत्तरपूर्वी सिरियामा अमेरिकी सेनाको उपस्थितिको उद्देश्य सिरियाली तेल दोहन, देशको स्थायित्व र सुरक्षा पुनःस्थापनामा अवरोध गर्न भएको आरोप लगाएको हो । अमेरिकी अभ्यास र आतंकवादी समूहहरूलाई असीमित समर्थन सिरियाका निम्ति अब नैतिक र राजनीतिक रूपमा स्वीकार्य नभएको जनाउँदै दमास्कसले आफूमाथि लगाइएको अमेरिकी प्रतिबन्धको आलोचना गरेको छ ।

## सुपरमाई हाईड्रोपावर लिमिटेड

**रजिष्टर्ड कार्यालय: का.जि.का.म.न.पा.-१० बानेश्वर, काठमाण्डौं ।**
**फोन नं: ०१-४४४११३७, Email:supermaihydropower@gmail.com**
**web: https://supermaihydropower.com.np**

### आठौ (आ.ब. २०७८/७९) वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित: मिति २०७९।०४।०८ (तदनुसार July 24, 2022)**

**आदरणीय श्री शेयरधनी महानुभावहरु,**

सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०७९।०४।०६ मा बसेको संचालक समितिको ६८ औं बैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको आठौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**आठौँ बार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति : २०७९।०४।३१ गते** ( तदनुसार **August 16, 2022), मंगलबार ।**
**स्थान** : र्‍याडिसन होटल –बेगनाश हल , लाजिम्पाट काठमाण्डौ ।
(Radission Hotel -Beganash Hall, Lazimpat Kathamndu)
**समय** : दिनको ४:०० बजे

**आठौँ बार्षिक साधारण सभामा छलफलका विषयहरु**

**१. सामान्य प्रस्ताव**

१.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने समग्र बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१.२) आ.व. २०७८।०७९को लेखा परिक्षण प्रतिवेदन वासलात , नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१.३) आ.ब. २०७९।८० को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (लेखा परीक्षक श्री कँडेल एण्ड एशोशियटस् चार्टड एकाउण्टेन्टस् पुनः लेखा परीक्षक नियुक्तीको लागि योग्य देखिन्छ । )
१.४) संचालक समिति बैठक भत्ता बृद्धि अनुमोदन गर्ने सम्बन्धमा ।
१.५) आ.ब. २०७८।७९ सम्मको संचित मुनाफाबाट हाल कायम रहेका शेयरधनीहरुलाई चुक्ता पुँजीको ३० प्रतिसतले हुने रकम रु. १२,००,००,०००।– (अक्षरुपी: ने रु बाह्र करोड) (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताब स्वीकृत गर्ने सम्बन्धमा ।
१.६) संचालक समितिको निर्बाचन सम्बन्धमा ।

**२. बिशेष प्रस्ताव**

२.१) प्रबन्धपत्रको दफा(२) र दफा ६ मा थप–शंशोधन गर्ने सम्बन्धमा ।
२.२) नियमावली दफा २ शंशोधन गर्ने सम्बन्धमा ।

**३. विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि ( प्रोक्सी ) को नाम उल्लेख गरेमा प्रतिनिधि ( प्रोक्सी ) फारम रद्द गरिने छ ।
२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रबेश पत्र वा आफ्नो शेयर प्रमाण पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रबेश गर्न पाईने छ । कुनै महानुभावहरुले कुनै कारणबश शेयर प्रमाण पत्र वा प्रबेशपत्र प्राप्त गर्न नसक्नुभएमा कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौं फोन नं ०१४४४११३७ वा ९८५१३२२७९२ मा सम्पर्क राखी साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रबेश पत्र प्राप्त गर्न हुन अनुरोध गरिन्छ ।
३. मिति २०७९।०४।२० देखि साधारण सभा नभईन्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
४. सभा सम्बन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौ फोन नं ०१४४४११३७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।
५. कम्पनीको संचालक पदको निर्वाचन सम्बन्धी सम्पुर्ण सुचना एर्व जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ ।

**संचालक समितिको आज्ञाले,**
**(दिनेश कुमार बर्तौला)**
**कम्पनी सचिव**

## बैंक अफ काठमाण्डू लिमिटेड
## BANK OF KATHMANDU LTD.

### निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

(मिति २०७९/०४/०८ गतेको मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)

यस बैंक अफ काठमाण्डू लि. को शाखा कार्यालय, नेपालगंज (यसपछि बैंक भनिएको छ) मा राप्ती अञ्चल सल्यान जिल्ला खलत्त गा.बि.स. वडा नं. ७ ठेगाना भई हाल परिवर्तित् ठेगाना बागमती प्रदेश, काठमाण्डौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ९ बस्ने तेजमान शाक्य को नाती जीत बहादुर शाक्यको छोरा र रत्ना कुमारी शाक्य को पति **टोप बहादुर शाक्य** ले यस बैंकमा नम्बर **०५०५००००३२२३५२४** को निक्षेप खाता खोली कारोबार गरी आउनु भएकोमा निज खातावालको मिति **२०७८/०९/०४** मा मृत्यू भएकोले निज मृतकको नाममा यस बैंकमा रहेको उक्त खाताको रकम उपर हकदावी गरी निज मृतक खातावालको श्रीमती रत्ना कुमारी शाक्यले मृत्यू दर्ता प्रमाणपत्र, नाता प्रमाणित प्रमाणपत्र लगायत अन्य आवश्यक समर्थित् कागजातहरू सहित मिति **२०७९/०२/२३** मा यस बैंकमा हकदावीको निवेदन पेश गर्नु भएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदै निज दावीकर्ता बाहेक अन्य कसैको हकदावी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका हकवालाहरूले दावी गर्नकालागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचनाको अवधिभित्र कोही कसैको हकदावी पेश नभएमा तथा रित नपुर्‍याई पेश हुन आएको निवेदन वा असम्बन्धित ब्यक्तिको हकदावी उपर कुनै कारवाही नहुने र बैंकको नीति, निर्णय तथा उल्लिखित ऐन बमोजिम निज मृतकको खातामा रहेको निक्षेप रकम सम्बन्धित दावीकर्तालाई ३६औं वा कार्यालय खोलेको दिनमा आवश्यक प्रकृया बमोजिम गरी भुक्तानी गरिने र सो उपर अन्य कोही कसैको हकदावी नलाग्ने साथै यस बिषयमा बैंक जिम्मेवार नहुने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

## मलेसियामा रोजगारको अवसर
कम्पनी: RAKU MENTAI SDN.BHD.
शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/११/२२ | चलानी नं.: ६०१५३०४० | LT. No.: 234527 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Kamkhya overseas
Gov. Lic No. 1395/074/075

**KAMKHYA OVERSEAS Pvt. Ltd.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4473943, 985132195
Email : kamakhyaoverseas@gmail.com, Web.: www.kamakhyaovs.com
Mob: 9861517763 , 9851225335 , 9851071362

## UAE मा रोजगार
कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I
शहर :UAE

पूर्व स्वीकृत मिति: २०७९/०३/२३ | चलानी नं.: ६०१८२८४८ | L.T. No.: 266940

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 20 | स. काममा दक्ष | 2000 | ६९,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
धुम्बराही (DBA स्कुल अगाडी) प्रगतीटोल, काठमाडौं
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Ph. 01-4961111, 4966318, 9851045711, 9851024632
Email : motherlandovs@gmail.com, info@motherlandovs.com

## JORDAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी: RAMALLA FOR PROVISION OF PERSONAL AND FOREIGN LABOUR RECRUITMENT EST | शहर: AMMAM

पूर्व स्वीकृत मिति: २०७८/०४/०६ | चलानी नं.: ६०१८३६४३ | LT. No.: 267688

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker/housemaid | 0 | 50 | स. काममा दक्ष | 300 | ३८,२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ०१-४९८७४९४, ४९८७४९५, ४९८३९८३
मो: ९८५१२११११८ फ्याक्स: ४९८७४९५
श्रम इजाजत नं. ९९४/०६८/०६९

## मलेसियामा रोजगार
१. कम्पनी : GOLDEN PALM WOOD ( IPOH) SDN BHD
शहर : Malaysia, IPOH

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ | चलानी नं.: ६०१८३५६२ | L.T. No.:267613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : PARTNER SONIC SDN BHD | शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ | चलानी नं.: ६०१८३६१४ | L.T. No.: 267678

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 55 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : STREET HOUSE SDN. BHD. | शहर : TAMAN

पूर्व स्वीकृत मिति: २०७९/०४/०४ | चलानी नं.: ६०१८३५४९ | L.T. No.:267502

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## यूएईमा रोजगार
४. कम्पनी : BLACK EAGLE SECURITY SERVICES L.L.C.
शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०६/२२ | चलानी नं.: ६०१६५०६५ | L.T. No.: 247805 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 40 | 0 | स. काममा दक्ष | 1200 | ४१,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 865/066/067

**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
८ साउन २०७९, आइतबार
24 July 2022, Sunday

# बक्स अफिस समाचार

लोक तथा दोहोरी गीतमा बेग्लै पहिचान बनाएका गायक तथा संगीतकार हुन् रामु खड्का । वि.सं.२०६७ सालतिर पहिलो 'बरु दिन बिताउला साथी बनेर' बोलको गीत स्रोता तथा दर्शकमाझ आएपछि उनको चर्चा र सिर्जना एकाएक चुलियो । लयकारका रुपमा आफुलाई स्थापित गरेका रामुले 'मर्ने मिति, साथी बनेर, आज भन्दा भोलि माया, कसको सिन्दुर, रित्तो झोला, बरु यसै दुखी छु, भदौ रे झरी, खोली किनार, अब त पागल भै, नियती, स्वर्णपदक, सोझोपन, हार्दिक श्रद्धाञ्जली, तिम्लाई सम्झी सम्झी, नक्कली सासुमा' लगायत दर्जनौं हिट गीत स्रोतामाझ पस्किसकेका छन् । यिनै गीतहरुबाट उनले विभिन्न राष्ट्रिय अवार्ड पाइसकेका छन् । रोयल्टी संकलक समाजमा समेत आवद्ध संगीतकार खड्का श्रष्टाहरुलाई रोयल्टीका बारेमा चेतना समेत छरिरहेका छन् । हरेक श्रष्टाले रोयल्टी पाउनुपर्छ भनेर आवाज उठाइरहेका संगीतकार रामु खड्काले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गीतसंगीतका बारेमा गरेको कुराकानीको सम्पादित अंश :

## 'संगीत भर्नु भनेको बच्चा जन्माउनु जस्तै हो'


रामु खड्का, संगीतकर्मी

**के छ हालखबर ?**

मेरो एकदमै ठिक छ । गीतका शब्दहरुमा संगीत भर्ने र रेकर्ड गर्ने काम भइरहेको छ ।

**पछिल्लो समय गीत संगीतको अवस्था बिग्रँदो अवस्थामा रहेको सुनिन्छ । एउटा संगीतकारको हिसाबले कसरी नियाली रहनुभएको छ ?**

गीत संगीत बिग्रिएको भन्ने चाहिँ मलाई लाग्दैन । तर, केही केही मान्छेहरुले चर्चामा आइहाल्नका लागि गरेको उच्छृङ्खल गीतहरु आएका थिए । अहिले ति पनि नियन्त्रण भइसकेका छन् ।

**संगीत सिर्जना गर्नु कतिको सजिलो कुरा हो ? पछिल्लो समय हरेक मान्छे संगीतकार बनिरहेको अवस्था छ ?**

संगीत गर्नु निकै कठिन विधा हो । किनभने कसैको संगीतसँग मेल नखाई नयाँपन स्रोता दर्शकलाई दिनुपर्ने हुन्छ । मेरो विचारमा संगीत एक संगीतकारले कसरी सिर्जना गर्छ र कहाँबाट लिएर आउँछ, यो गम्भीर कुरा हो जस्तो लाग्छ । अर्को कुरा एक संगीतकारलाई नयाँ संगीत सिर्जना गर्नु आमाले बच्चा जन्माउनु सरह नै हो । किनकी संगीत नयाँ नै हुनुपर्छ । अझ कुनै गीतसँग मिल्नु भएन । अनौठो कुरा त सिर्जना गरेरमात्र भएन दर्शक स्रोताले पनि रुचाउनु पर्‍यो । नत्र संगीत गरेको त्यो समय अथवा मेहेनत त्यसै खेर जान्छ । त्यस कारण संगीत गर्नु बडो गाह्रो कुरा हो, मैले भन्नु पर्दा । मान्छेहरु संगीतकार बन्नु र आउनु त राम्रो कुरा हो । किनभने पुराना पुस्ताले गरेको संगीत र नयाँ पुस्ताले गरेको संगीतमा निकै फरक हुन्छ । त्यो फरकपन ल्याउनका लागि नयाँ संगीतकार त जन्मनै पर्‍यो नि होइन ? हरेक मान्छेले सिक्दै जाने हो । हरेक मान्छे संगीतकार भन्ने कुरा गर्नुभएको छ । यहाँबाट कोही उत्कृष्ट बन्दै अगाडि बढ्छन् भने कोही हराएर जान सक्छन् । स्रोताले कसलाई मन पराउँछन् भन्ने कुरा त हो ।

**भनेपछि तपाईंको विचारमा नयाँ संगीतकार जन्मँदा नयाँपन आउँछ ?**

बिल्कुल । नयाँ पुस्ताले नयाँ भावका गीत बनाउँछ । नत्र पुरानै मान्छे सधैं संगीतकार भइहालथ्यो नि, होइन र ?

**मैले सुने अनुसार तपाईं गायक बन्नका लागि काठमाडौं आउनु भएको थियो रे, अनि तपाईं गायक बन्न छोडेर संगीतकार तिर पो लाग्नु भएछ, खास कुरा के हो ?**

म सानैबाट गीत गाउन रुचाउने मान्छे हो । काठमाडौं पनि म गीत गाउनकै लागि भनेर आएको हो । पढाई र गीत संगीतलाई साथै लैजान्छु भन्ने मेरो चाहाना थियो । तर सोचे अनुसारको भएन । मेरो गायन भन्दा स्रोता तथा दर्शकले मेरो संगीत मन पराउनुभयो । त्यसैले संगीतमा नै मेरो मन भुल्यो र यतै लागें ।

**कुन गीतबाट तपाईंको चर्चा भएको थियो, कतिको याद छ यहाँलाई ?**

आफुले काम गरेको हरेक गीतहरु याद छन् मलाई । म एक भाग्यमानी मान्छेमध्ये एक हो पनि भन्न रुचाउँछु । म गीतमा गाउन र संगीत गर्ने हिसाबले काठमाडौंमा भौतारिरहेको बेला 'बरु दिन बिताउला साथी बनेर' बोलको गीतमा लय भर्ने अवसर पाएँ । यो अवसर मलाई गीतकार सन्तोष बानियाँले दिनुभएको थियो । अहिले उहाँ हामीमाझ हुनुहुन्न । उहाँलाई धेरै धेरै नै सम्झिन चाहान्छु । उहाँले मलाई यो गीतमा लय भर्ने मौका दिनुभएको थियो । यही गीतबाट म संगीतकार भएको हो ।

**यही गीतबाट तपाईं चर्चामा आउनु भएको हो र ?**

यसको आफ्नै कथा रहेको छ । यो गीतमा लय भरेको ६ महिनापछि मात्रै बजारमा गीत हिट भएको खबर पाएँ । त्यो भन्दा अघि मलाई कसैले पनि तेरो गीत हिट भयो भनेर भनेनन् । त्यसपछि असाध्यै खुसी भएँ । किनभने म नयाँ मान्छे भएकाले पनि होला । मैले चाहिँ सार्वजनिक भएको ६ महिनापछि हरेकको मुखमा यो गीत गुन्जिएको थाहा पाएँ । त्यसपछि मात्रै मेरो सोधिखोजी हुन थाल्यो ।

**यो गीतभन्दा अघि स्टुडियो तिर कतिको धाउनुभयो ?**

निकै धाएँ नि । चलेका गायक गायिकाहरुलाई भेट्ने, मलाई पनि अवसर दिनुस् भन्थें । उहाँहरुले हुन्छ भन्नुहुन्थ्यो । आश्वासन मात्रै पाउथें । पछि यो गीत चलेपछि उहाँहरुले नै काम दिन थाल्नुभयो ।

**अबको गीत स्रोता दर्शकले कहिले सुन्न पाउँछन् ?**

चाँडै नै सुन्न सक्नुहुन्छ । हामी अहिले यसैको तयारीमा लागेका छौं । स्रोता दर्शकले पहिला जस्तै हाम्रो सिर्जनालाई मन पराउनुहुनेछ भन्नेमा आश्वस्त छौं र छु पनि । महिला दिदी बहिनीहरुको महान चाड हरितालिका तिज नजिकिँदै गरेको अवस्था छ । उहाँहरुलाई लक्षित केही गीतहरु छिट्टै बजारमा आउँदैछ । अघिल्ला वर्ष झैं यो वर्ष पनि हाम्रा गीतले स्रोता कमाउला भन्ने आस छ ।

# डा. आयुष्नोभा मिस युनिभर्स नेपालमा

मध्यान्ह संवाददाता
काठमाडौं, ७ साउन



मिस युनिभर्स नेपाल २०२२ को चयन शुरु भएको छ । यो प्रतियोगितामा पहिलो चरणमा विभिन्न ३९ जना प्रतिस्पर्धीहरु चयन भएका छन् । उनीहरु सबै अनलाइन अडिसनबाट चयन भएका हुन् ।

जसमा डक्टर आयुष्नोभा ढुँगाना पनि चयन भएकी छिन् । यी ३९ जनामा बहुसँख्यक प्रतियोगीहरु मोडल छन् । केही नयाँ अनुहार पनि छन् । मोडलिङमा डक्टर आयुष्नोभा ढुँगाना पनि नयाँ अनुहार हुन् । तर उनीसँग आफ्नो क्षेत्रको विज्ञता छ । आयुष्नोभाले गत वर्ष बँगलादेशबाट छाला रोग विषयमा एमबीबीएस गरेकी हुन् । बँगलादेशबाट पढाई सकेर नेपाल फर्किएकी डा. आयुष्नोभा अहिले नेपालमै बिरामीहरुको सेवा गरिरहेकी छिन् ।


हाल काठमाडौंमा रहेर छालारोग सम्बन्धि सेवा दिईरहेकी उनी मिस युनिभर्स नेपाल २०२२ पछि काठमाडौंबाट केही दुर्गम ठाउँमा गएर आफ्नो सेवा दिने योजनामा छिन् । छाला भनेको मानिसमा झट्ट हेर्दा पहिलो नजरमै देखिने तत्व भएकाले यसलाई महत्व दिएर आफु छाला रोगको चिकित्सक बनेको पनि यी सुन्दरीले बताएकी छिन् । यसपटक उनी सबैका लागि स्वास्थ्य भन्ने नारा सहित मिस युनिभर्स नेपाल २०२२ मा सहभागी भएकी छिन्,' एउटा डक्टरले बिरामीलाई त निरन्तर सेवा दिएकै हुन्छ । डक्टरले मिस युनिभर्स नेपाल भएर मिस युनिभर्समा गई नेपाललाई चिनाउन सक्छ भन्ने उदाहरण बन्न चाहन्छु ।' उनले भनिन् । नग्मा श्रेष्ठले मिस युनिभर्समा पहिलो पटक नेपालबाट प्रतिनिधित्व गरेकी थिईन् । गत वर्ष यो उपाधि सुजिता बस्नेतले जितेकी थिइन् । अग्रजहरुको कामलाई मूल्याँकन गरेर मिस युनिभर्स नेपाल हुँदै मिस युनिभर्समा गएर कसरी राम्रो गर्न सकिन्छ भनेर यतिबेला आफु मिस युनिभर्स नेपालको तयारीमा व्यस्त रहेको आयुष्नोभाले बताएकी छिन् । उनकी आमा रोशनी केसी फिल्म निर्माता तथा नायिका हुन् । बुबा अँगद ढुँगाना व्यबसायी हुन् । दुबैको प्रेरणाले आफु मिस युनिभर्स नेपालमा सहभागी भएको आयुष्नोभाले बताएकी छिन् ।

मिस युनिभर्स नेपालको अघिल्लो चरणमा उत्कृष्ट २० जना चयन हुनेछन् । ती २० जना नै फाईनलमा उत्रने छन् । त्यसपछि उत्कृष्ट १० हुँदै मिस युनिभर्स नेपाल चयन हुनेछ । ती उत्कृष्ट २० लाई प्रत्यक्ष रुपमा प्रसान्त ताम्राकारले कोरियोग्राफी गर्नेछन् । आगामी १९ अगष्ट चयन हुने मिस युनिभर्स नेपालमा ताज नै जित्ने लक्ष्य सहित आफु प्रस्तुत हुने आयुष्नोभाको कथन छ ।

डाक्टर आयुष्नोभाको कथनमा नेपालमा मिस युनिभर्स, मिस वर्ल्ड नेपाललाई राज्यले सहयोग गरेको छैन । प्रतियोगी नारीले अन्तर्राष्ट्रिय प्लेटफर्ममा गएर नेपाललाई चिनाउने हुँदा नेपाली प्रतियोगीहरुलाई राज्यले सघाउनु पर्ने, हौसला दिनु पर्ने सुझाब आयुष्नोभाको रहेको छ ।

# सिर्जना केसीको 'आफ्नो त माइती टाढा बरी लै' आउँदै

काठमाडौं/मस- हिन्दू नारीहरुको महान चाड हरितालिका तिज नजिँकिदै गएको छ । तिजलाई मध्यनजर गर्दै दैनिकजसो बजारमा नयाँ नयाँ गीतहरु सार्वजनिक भइरहेका छन् । तुलनात्मकरुपमा अन्य बेला भन्दा तिजको महोलमा नयाँ लोकदोहोरी गीतहरु बढी सार्वजनिक हुने गरेका छन् । यसैक्रममा तिजलाई लक्षित गर्दै गायिका सिर्जना केसी पनि नयाँ गीत सार्वजनिक गर्ने तयारीमा छिन् ।




गायिका केसीको स्वरमा रहेको 'आफ्नो त माइती टाढा बरी लै' बोलको म्युजिक भिडियो असार ९ गते सोमबार सार्वजनिक हुँदै छ । केसीलाई स्वरमा गायक कृष्ण रसालले साथ दिएका छन् । तिजमा माइती जान रुचाउने नारीहरुको भावनालाई समेटेर गीत बनाइएको गायिका केसीले बताइन् ।

गणेश सुवेदीको शब्द, बिक्रम थापाको संगीत रहेको गीतको एरेन्जर बिसन मानन्धर हुन् । विजयराज भुर्तेलको निर्देशन र सम्पादन रहेको उक्त म्युजिक भिडियोमा दीपक अधिकारीको कोरियोग्राफी रहेको छ । म्युजिक भिडियोमा गायिका केसी र गायक रसालकै अभिनय देख्न सकिन्छ ।

गीतसंगीतमा लामो समयदेखि क्रियाशील गायिका सिर्जना केसीले थुप्रै गीत निकालिसकेकी छन् । यसअघि उनको 'शुभकामना', 'सुस्तरी' लगायतका गीतलाई पनि दर्शकले अत्याधिक रुचाएका थिए ।

युएईमा रोजगार
कम्पनी: LAVAJET COMPANY ALAIN
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/03/२0 चलानी नं.: ६०१८२४५७ LT. No.: 266558 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 50 | 0 | | 1000 | ३४,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १५ गते (31 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मिराकल म्यानपावर प्रा. लि.
श्रम इजाजत नं. १२२३/०७४/०७५
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Mob. : 9802022331
Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७९/०४/०८)

यस कार्यालयबाट मिति २०७९/०३/०७ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रको बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७(सात) दिने सूचना जारी गरिएको छ ।

तपशिल

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-15/2078/079 | Road Gravelling Works at Different wards | Amrit Construction Kohalpur-11, Banke | Rs.78,97,471.13 |
| BANKE/KOMUN/W/NCB-16/2078/079 | Supply and Laying of Hume pipe at Different locations of Kohalpur Municipality, Banke | M.K.Industries Pvt.Ltd. Mayadevi-08 | Rs. 27,21,605.00 |

प्रमुख प्रशासकीय अधिकृत

# टी-२० विश्वकप २०२४ मा पुग्न नेपाललाई कति सहज ?




**काठमाडौं/मस-** अमेरिका र वेस्ट इन्डिजले आईसीसी टी-२० विश्वकप २०२४ संयुक्तरूपमा आयोजना गर्दैछन्। पहिलोपटक उत्तर अमेरिका क्षेत्रमा हुन लागेको टी-२० विश्वकपमा २० टिमले सभागिता जनाउँदैछन् । आईसीसीले २०२४ देखि पहिलोपटक २० टिमबीच टी-२० विश्वकपमा प्रतिस्पर्धा गराउन लागेको हो । २०२४ देखिको टी-२० विश्वकपमा १२ टिम सिधै पुग्नेछन् भने ८ टिमले क्षेत्रीय छनोट चरणमा पार गर्नुपर्नेछ ।

यस विश्वकप क्रिकेटमा छनोट हुन नेपाललाई केही सहज देखिएको छ। आईसीसीले २०२४ को विश्वकपमा सहभागी राष्ट्रको संख्या बढाएर २० पुर्‍याएसँगै नेपालको छनोट हुने सम्भावना बढेको हो ।

आयोजकका रुपमा वेस्ट इन्डिज र अमेरिका छनोट भइसकेका छन् । यसै वर्ष अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म आईसीसी टी-ट्वान्टी विश्वकप २०२२ अस्ट्रेलियामा आयोजना हुदैछ । सो विश्वकपमा शीर्ष आठमा रहने टोली आगामी विश्वकप २०२४ का लागि सोझै छनोट हुनेछन् ।

यो विश्वकप सकिनासाथ नोभेम्बर १४ मा आईसीसीले जारी गर्ने वरीयताको नवौं र दशौं राष्ट्र र यदी वेस्ट इन्डिज शीर्ष आठमा परेमा वरीयताको ११ औं स्थानको राष्ट्रले पनि अवसर पाउने छ।

त्यसबाहेक एसिया छनोट, अफ्रीका छनोट र युरोप छनोटबाट २/२ टोलीले विश्वकपमा स्थान बनाउने छन् । अमेरिका छनोट र पूर्वी एसिया प्यासाफिक छनोटबाट एक टोलीले विश्वकपमा स्थान बनाउने छन् ।

नेपालको वरीयता माध्यमबाट विश्वकपमा स्थान बनाउने सम्भावना ज्यादै न्युन रहेको छ । तसर्थ नेपालले एसिया छनोटबाट नै विश्वकपको बाटो तय गर्नुपर्ने हुन्छ । एसिया छनोटमा नेपाल सहित आठ या सात (युएई जो २०२२ को अस्ट्रेलिया विश्वकपमा सहभागी रहेको युएई शीर्ष आठमा नरहेमा तथा वरीयताक्रममा पनि पछि रहेमा मात्र यस प्रतियोगितामा सहभागीता जनाउने छ ।) टोलीले प्रतिस्पर्धा गर्नेछ । यस प्रतियोगिताको शीर्ष दुई टोलीले २०२४ को विश्वकपमा स्थान बनाउने छन् ।

एसिया छनोटमा सहभागी रहने नेपाल सहितको पाँच राष्ट्रको टुङ्गो लागि सकेको छ। बाँकि दुई भने क्षेत्रीय छनोटबाट आउने छन् । गत फागुनमा ओमानमा भएको २०२२ विश्वकपको ग्लोबल छनोट ए मा सहभागी जनाएका नेपाल, ओमान तथा बहराइन रहेका छन् । त्यस्तै हालै मात्र जिम्बावेमा भएको ग्लोबल छनोट बी मा रहेका दुई टिम सहभागी हुनेछन् । यसमा हङकङ र सिङ्गापुर रहेका छन् । सब रिजनल छनोटको समूह ए र बी मा ९ राष्ट्र रहेका छन् । समूहको शीर्ष दुई टोलीले एसिया छनोटमा स्थान बनाउने छन् ।

यस हिसाबमा नेपाललाई विश्वकपमा छनोट हुने सुनौलो अवसर रहेको छ। किनभने आईसीसीले २०२४ को विश्वकपमा विश्व छनोट प्रतियोगिता नगर्ने जनाएको छ । एसिया छनोटको प्रारम्भिक प्रतियोगितामा पनि नेपालले खेल्न नपर्ने आईसीसीले जनाएको छ ।

# साफ यु-२० फुटबल खेल्न नेपाली टिम भुवनेश्वर पुग्यो




**काठमाडौं/मस-** भारतमा आगामी साताबाट शुरु हुने यु-२० साफ च्याम्पियनसिपमा सहभागी हुन युवा टोली भुवनेश्वर पुगेको छ। नेपाल टोलीलाई अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबारको बिदाइ गरेको थियो । एन्फाले प्रतियोगिताका लागि २३ सदस्यीय नेपाली टोलीको घोषणा गरेको थियो । नेपाली टिममा प्रशिक्षक मेघराज केसी, व्यवस्थापक दिवाकर घले र कप्तान आयुष घलान छन् ।

भारतको भुवनेश्वरस्थित कलिंगा स्टेडियममा प्रतियोगिता २५ जुलाईबाट सुरु हुनेछ। नेपालले पहिलो खेलमा २५ जुलाईमा माल्दिभ्सको सामना गर्नेछ । दोस्रो खेल २७ जुलाईमा श्रीलंका र तेस्रो खेलमा ३१ मा जुलाई भारतको सामना गर्नेछ । समूह चरणको अन्तिम खेलमा नेपालले २ अगस्टमा बंगलादेशसँग खेल्नेछ। शीर्ष दुई टोली उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

यु-२० टिममा गोलकिपरः ईश्वर गुरुङ, उनेस चौधरी, जियारत शेख, रक्षकः अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, रोशन थापा, अभिषेक वाइबा, मिडफिल्डरः आयुश घलान (कप्तान),दिपेश गुरुङ, आशिष राई, सन्दिप श्रेष्ठ, जनमजय धामी, मोहित गुरुङ, कृतिस रत्न छुन्जु, सुगम सुवाल, जनग्या नकर्मी, स्ट्राइकरः रोहित सुब्बा निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन् ।

# राष्ट्रिय उमा कुङफु भदौ अन्तिम साता



**काठमाडौं/मस-** नेपाल उमा कुङफु संघको आयोजनामा सातौं राष्ट्रिय उमा कुङफु प्रतियोगिता भदौ अन्तिम साता हुने भएको छ।

आयोजक संघको फुटुङमा शनिबार बसेको बैठकले भदौ २४ देखि २५ गतेसम्म प्रतियोगिता काठमाडौंमा गर्ने निर्णय गरेको अध्यक्ष सिद्धार्थ लामाले जनाएका छन् । प्रतियोगितामा करिब ३ सय खेलाडीको सहभागिता रहने छ ।

सान्डा र प्याटर्नमा गरी कुल २६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ। सान्डाको पुरुषमा १० र महिलामा ८ गरी १८ स्पर्धा समावेश छन् । प्याटर्नको पुरुष/महिलामा ४-४ गरी ८ स्पर्धामा खेल हुनेछ । प्रतियोगिता सञ्चालन गर्न करिब १० लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

बैठकले प्रतियोगितालाई व्यवस्थित र सफलतापूर्वक सम्पन्न गर्न मूल आयोजक समिति र २ उपसमिति पनि गठन गर्ने निर्णण पनि गरेको छ । ९ सदस्यीय मूल आयोजक समितिमा संघका सचिव महेश महर्जनलाई संयोजक र संघका पूर्व अध्यक्ष एवं सहायक मुख्य प्रशिक्षक उद्धव थापा मगरलाई सह-संयोजकको जिम्मेवारी दिइएको छ ।

आर्थिक उपसमितिको संयोजकमा राजदीश नेम्कुल, सह-संयोजकमा अशोक केसी र सदस्यमा जीवन गुरुङ रहेका छन् । प्रचार प्रसार तथा प्राविधिक उपसमितिमा संघका वरिष्ठ उपाध्यक्ष समेत रहेका अन्तर्राष्ट्रिय निर्णायक सन्जीतकुमार राई संयोजक तथा गोपाल थापा, कमल मगर, सिद्धार्थ लामा र भूपेन्द्र गुरुङलाई सदस्य तोकिएको छ ।

बैठकले संघको चुनावी साधारण सभा गर्ने निर्णय पनि गरेको अध्यक्ष लामाले जानकारी गराए । राष्ट्रिय खेलकुद परिषद्को स्वीकृति लिएर चुनावी साधारण सभा भदौ तेश्रो साता गर्ने गरी प्रकृया अगाडि बढाउने अध्यक्ष लामाले बताए । केन्द्रीय साधारण सभाअघि विभिन्न ५ प्रदेशमा संघ गठन गरिने छ । त्यस्तै हाल १४ जिल्लामा रहेका संघलाई पुनर्गठन गर्ने र थप ११ जिल्लामा संघ विस्तार गर्ने तयारी पनि रहेको अध्यक्ष लामाले जानकारी गराए ।

# लक्ष्मी र मेरिना फुटबल खेलाउन डेनमार्कतर्फ




**काठमाडौं/मस-** महिला फुटबल रेफ्री द्वय लक्ष्मी श्रेष्ठ र मेरिना धिमालले युरोपेली राष्ट्र डेनमार्कमा आयोजना हुने अन्तर ार्ष्ट्रिय डाना कप प्रतियोगिता खेलाउन त्यसतर्फ प्रस्थान गरेका छन् । डेनमार्कमा आगामी २५ देखि ३० जुलाईसम्म हुने युथ सकर अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायक भूमिकामा देखिने दुई रेफ्री शनिबार बिहान त्यसतर्फ प्रस्थान गरेका हुन् ।

दुई रेफ्रीसँगै नेपाल क्रिकेट टिमबाट राजिनामा दिएका पुबुदु दासानायके समेत स्वदेश फर्किएका छन् । रेफ्री द्वय श्रेष्ठ र धिमालले घरेलु महिला प्रतियोगितासँगै एएफसी यु-१४, यु-१४ महिला साफ च्याम्पियनसिप, १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)लगायत प्रतियोगितामा असिस्टेन रेफ्रीको भूमिका निर्वाह गरेका छन् ।

सन् सन् १९८२ बाट आयोजना सुरु भएको डाना कपमा ४५ देशका एक हजारभन्दा बढी टिम सहभागी हुने आयोजक टिमका मार्केटिङ म्यानेजर एलिसन लाइज फोरम्यानले जानकारी गराएका छन् ।

जुन प्रतियोगिता डेममार्कनै सवैभन्दा ठूलो स्पोर्टस् इभेन्ट हो । जसलाई विश्वकै सबैभन्दा 'टप' वरियताको युथ प्रतियोगिता मानिन्छ । युईएफएले मान्यता दिएको प्रतियोगितामा २० हजारभन्दा बढी सहभागी हुनेछन् ।

# मुवाँथाईको ग्रेडिङ सम्पन्न



**काठमाडौं/मस-** मुवाँथाई खेलको ग्रेडिङ (आर्म ब्यान्ड टेस्ट) शनिबार सम्पन्न भएको छ। नेपाल राष्ट्रिय मुवाँथाई संघले आयोजना गरेको ग्रेडिङमा २२ खेलाडी सहभागी थिए । २० पुरुष र २ महिला खेलाडी सहभागी थिए ।

सहभागीले स्पाइरिङ, बेसिक, फिजिकल, दौड, टेक्निक, प्याडिङ र लिखित परीक्षा दिएका थिए । रेड/ह्वाइटमा १, रेडमा ३, ब्राउन ह्वाइटमा १, ब्राउनमा ३, ब्लुमा ६, ग्रिन र यल्लो ह्वाइटमा २-२ तथा यल्लो ह्वाइटमा ४ जना सहभागी थिए ।

ग्रेडिङ आयोजक संघका अध्यक्ष समेत रहेका मुख्य प्रशिक्षक गणेशलाल कक्षपतिले सञ्चालन गरेका थिए । नतिजा २ हप्तापछि सार्वजनिक गर्ने आयोजकले जनाएको छ । एकदिने ग्रेडिङ त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् हातामा रहेको मुवाँथाईको आफ्नै हलमा भएको थियो ।


स्थानीय सरकार

हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्वु, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९/०४/०८)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, हेलम्बु गाउँकार्यपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका आईटमहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७९/८० को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी तोकिएको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालयको सूचना पाटी वा हेलम्वु गाउँपालिकाको वेभसाईट www.helambumun.gov.np मार्फत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७९/०८० को लागि निर्धारण गरिएको विक्री परिमाण (घन फिटमा) | आ.व. २०७९/०८० को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्यी एवं विक्री शुल्क प्रति घन फिट रु. | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| HRM/01/2079-80 | मेलम्ची नदी तर्फ हेलम्बु गाउँपालिकाको वडा नं १ तिम्बु बगर देखि हेलम्बु गाउँपालिका र मेलम्ची न. पा. को सिमाना तालामाराङ खोला सम्म IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्यी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | 555555 | 9.00 | 4999995 (उनन्चास लाख उनन्सय हजार नौ सय पञ्चानब्बे मात्र) | 3000/- | कूल कबोल अङ्क (मू.अ.कर सहित) को ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

प्रमुख प्रशासकीय अधिकृत



टीकापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

आन्तरिक आयको ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०४/०८

टीकापुर नगरपालिकाले तपसिल वमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय वमोजिमको ठेक्काको लागि मितिः २०७९/०४/०८ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतिय पोर्टल www.bolpatra.com/eGP–II मार्फत बोलपत्र आवह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/०५/०७ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मितिः २०७९/०५/०७ गते दिनको २ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा बिधुतिय माध्यम बाट मात्र गर्नु पर्नेछ ।

तपसिलः

| आन्तरिक आय ठेक्का नं. | आन्तरि आय ठेक्काको नाम | (न्यूनतम ठेक्का अंक मु.अ.क. बाहेक) | बिड सुरक्षण वापतको रकम | बोलपत्र दस्तुर | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| TMO/NCB/01/2079/2080 | टीउनी सनकट्टी घाट उत्तराही ठेक्का, टी.न.पा. ०२ | रु.२२,५६,०३०।०० | कबोल अंकको ३ % | रु.३०००।०० | ३ वर्ष | |
| TMO/NCB/02/2079/2080 | दौलतपुर घाट उत्तराही ठेक्का, टी.न.पा. ०५ | रु.२०,५५,३४५।०० | कबोल अंकको ३ % | रु.३०००।०० | ३ वर्ष | |
| TMO/NCB/03/2079/2080 | खक्रौला नाकामा कबाडीको सामान निकासी शुल्क ठेक्का, टी.न.पा.०८ | रु.२७,३६,०००।०० | कबोल अंकको ३ % | रु.३०००।०० | ३ वर्ष | |
| TMO/NCB/04/2079/2080 | पशुहाट बजारमा पशु चौपाया खरिद तथा बिक्रि सम्बन्धि ठेक्का, टी.न.पा. ०१ | रु.९२,७०,०००।०० | कबोल अंकको ३ % | रु.३०००।०० | ३ वर्ष | |

विस्तृत जानकारीको लागि www.bolpatra.com/eGP–II हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकिय अधिकृत

मौद्रिक नीतिमा उद्योगी व्यवसायीको मिश्रित प्रतिक्रिया

# उत्पादनशील र व्यापारिक क्षेत्रको कर्जामा ब्याजदर भिन्नता सकारात्मक

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिमा उद्योगी, व्यवसायी तथा लगानीकर्ताले मिश्रित प्रतिक्रिया दिएका छन् । मौद्रिक नीतिले उत्पादशील र व्यापारिक क्षेत्रमा फरक-फरक ब्याजदरको नीति अंगिकार गरेको छ । आफ्नो माग सम्बोधन गर्नुपर्ने भन्दै आएका सेयर बजारका लगानीकर्ताहरुलाई भने मौद्रिक नीतिले आंशिक रुपमा मात्रै सम्बोधन गरेको छ। मौद्रिक नीतिले ब्याजको करिडोरलाई बढाएको छ, जसले गर्दा समग्रमा ब्याज बढ्ने र उद्योगी व्यवसायीको लागत समेत बढ्ने उनीहरुको प्रतिक्रिया रहेको छ ।



## मुद्रा आपूर्ति घट्ने र ब्याजदर बढाउने, माग घटाउँछ : अध्यक्ष अग्रवाल

नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु कुमार अग्रवालले मौद्रिक नीतिमा मिश्रित प्रतिक्रिया दिएका छन् । उनले मौद्रिक नीतिले मुद्राको आपुर्ति घटाउने, ब्याजदर बढाउने र माग घटाउने कसिलो नीति अख्तियार गरेको बताएका छन् । उनले अनिवार्य नगद मौज्दात (सिआरआर) ४ प्रतिशत कायम गर्ने, वैधानिक तरलता मौज्दात क वर्गकाले १२ प्रतिशत र वित्त कम्पनीले १० प्रतिशत बनाउनुपर्ने (पुस मसान्तसम्म) र बैंक दर ८.५ प्रतिशत बनाउने कुराले ब्याजदर बढ्ने बताएका छन्। त्यस्तै उनले निक्षेप संकलन दर ५.५ प्रतिशत पुर्याउने कुराले पनि ब्याजदर बढ्ने बताएका छन्।

परिसंघका अध्यक्ष अग्रवालले मौद्रिक नीतिले केही सकारात्मक पक्षलाई पनि अंगिकार गरेको बताएका छन् । उनले बैंक तथा वित्तीय संस्थाले जारी गरेको ऋणपत्रलाई निक्षेप अनुपातमा गणना गर्न सकिने व्यवस्था सकारात्मक रहेको बताएका छन् । त्यस्तै औद्योगिक क्षेत्रको सकरात्मक वातावरण निर्माण गर्नेगरी स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमुलक उद्योग र निजी क्षेत्रलाई सूचना प्रविधि तथा औद्योगिक पार्क निर्माण गर्दा आधार दरमा कम्तिमा २ प्रतिशत प्रिमियम उपलब्ध गराउने कुरा सकारात्मक रहेको अध्यक्ष अग्रवालले बताएका छन् ।

## सरकारको निर्धारित लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउँदैन : अध्यक्ष मल्ल



नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले मौद्रिक नीतिले सरकारले चालु आवको लागि बजेटमा निर्धारित गरेको लक्ष्य प्राप्ति गर्न सहयोग नपुर्याउने बताए । मौद्रिक नीतिमार्फत् उत्पादन र वाणिज्य क्षेत्रको लागि लिइएको ब्याजको स्ल्यापले सो अवस्था सिर्जना गर्ने अध्यक्ष मल्लले बताएका हुन् ।

उनले चालु आवको लागि ल्याइएको मौद्रिक नीतिले सरकारले बजेटमार्फत् भनेको ७ प्रतिशत मुद्रास्फिति कायम गर्न र ८ प्रतिशत आर्थिक वृद्धि कायम गर्न समेत सहयोग नपुर्याउने उनको भनाइ छ। मौद्रिक नीति कसिलो रुपमा आएको र यसले बजारमा थप महँगी सिर्जना गर्ने अध्यक्ष मल्लको भनाइ छ।

## ब्याजदर बढ्नाले लागत बढ्छ : उपाध्यक्ष श्रेष्ठ



उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले ब्याजदर बढाउने गरी मौद्रिक नीति आएकोमा दुःख लागेको बताए । आफुहरुले ब्याजदर बढेर आउने अपेक्षा नगरेको तर मौद्रिक नीतिले ब्याज बढाएकोमा त्यसले उद्योगीहरुलाई समस्यामा पार्ने उनको भनाइ छ। उपाध्यक्ष श्रेष्ठका अनुसार बैंकको ब्याजदर वृद्धि हुने अवस्था सिर्जना गर्दा उद्योग तथा व्यवसाय गर्नेहरुको लागत बढ्छ ।

ब्याजदर बढ्दा नीति र विधिमा रहेर काम गरेर खानेहरुलाई गाह्रो हुने र भन्सारमा मिलाएर ल्याउनेलाई सजिलो हुने उनको भनाई छ। आयात भनेको माग र आपुर्ति हेरेर आयात गर्नुपर्ने भन्दै उनले मुलुकलाई नचाहिने मरिच सुपारी जस्ता सामाग्री आयातलाई छुट दिने तर चाहिने सामाग्री ल्याउन नपाइने व्यवस्था नमिलेको बताए ।

## फूलबुट्टा भरेर आएको मौद्रिक नीति प्रभावकारी छैन : लगानीकर्ता पोखरेल



नेपाल पुँजी बजार लगानीकर्ता संघकी अध्यक्ष राधा पोखरेलले मौद्रिक नीति फुलबुट्टा भरेर आएको बताएकी छिन् । नेपाल राष्ट्र बैंकले आज जारी गरेको मौद्रिक नीतिबारे प्रतिक्रिया दिंदै उनले मौद्रिक नीति निकै फुलबुट्टा भरेर आएको बताएकी हुन् । उनले ४/१२ को सेयर धितो कर्जा सीमालाई ४ हटाएर १२ यथावत राख्दा कसरी राम्रो भयो ? भनेर प्रश्न समेत गरेकी छिन् । 'सेयर धितो कर्जाको सीमामा १२ करोड मात्र अचम्म, ४ करोडका दरले ३ बैंक धाउनु पर्नेमा झन्झट हटेर गए पनि अर्बौको सेयर हुनेले के १२ करोडमै थान्को लाग्नु पर्ने हो र ?' उनले भनिन्, 'आफ्नो सम्पत्ति राखेर पनि पैसा लिन नपाइने ? ढिलो छिटो यो खारेज हुनै पर्छ । हाम्रो सम्पत्तिमा राष्ट्र बैंकले अंकुश लगाउन पाउँदैन ।'

२५ लाखसम्मको सेयर धितोकर्जामा १०० को जोखिम भार राखेपनि त्यो भन्दा बढीमा १५० प्रतिशत नै रहेकोले समस्याको समाधान नभएको उनले बताईन् । मर्जरमा कारोबार नरोकिने व्यवस्था सकारात्मक रहेपनि अन्य विषयमा भने आफुहरुले चाहे अनुसारको नभएको पोखरेलको भनाई छ । सेयर बजारको लागि राष्ट्र बैंकको कसुवा नीति ज्यादै खुकुलो पनि आएको मान्न नसकिने उनको भन्दै उनले राष्ट्र बैंकको नीति बजारलाई नियन्त्रण गरेर आफूले चाहेको बाटोमा हिँडाउन खोजेको प्रष्ट देखिएको तर्क पेश गरेकी छन् ।

# तातोपानीबाट लक्ष्यको दोब्बर बढी राजस्व संकलन




**काठमाडौं/मस** – चीनसँगको उत्तरी नाका तातोपानी भन्सारबाट गत आर्थिक वर्षमा तीन अर्ब ४२ करोड राजस्व संकलन भएको छ । यो लक्ष्यभन्दा दोब्बरभन्दा बढी हो । कोरोना महामारी, बाढीपहिरो तथा चीनबाट सामग्री आयातमा कमीलगायत विविध समस्याका बाबजुत गत आर्थिक वर्षको असारसम्म दोब्बरभन्दा बढी राजस्व संकलन भएको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नाराद गौतमले जानकारी दिए ।

उनका अनुसार लक्ष्य एक अर्ब ४६ करोड रहेकामा तीन अर्ब ४२ करोड अर्थात् २३३ प्रतिशत राजस्व उठेको हो। सामान आयात, मापदण्डको पालना र व्यवसायीलाई दिइएको प्रशिक्षण लगायतका कारणले सोचेकोभन्दा राम्रो संकलन भएको प्रमुख भन्सार अधिकृत गौतमको भनाइ छ । त्यस्तै भन्सारले अवलम्बन गरेको शीघ्र जाँचपासका प्रणाली तथा सेवा प्रवाहमा चुस्त दुरुस्त भएका कारण पनि उपलब्धिको पाटो राम्रो रहेको प्रमुख भन्सार अधिकृत गौतमको तर्क छ । संकलितमध्ये मासिक औसत ३० करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको लक्ष्य चार अर्ब ५० करोड रहेकामा एक अर्ब दुई करोड उठेको थियो । आगमी वर्ष भने लक्ष्य चार अर्ब ६२ करोड रहेको उनले जानकारी दिए । उनका अनुसार चीनबाट आयात हुने सामग्री बोकेका कन्टेनरहरू आउने क्रम निकै कम छ । मेशिनरी, रोलकपडा तथा स्याउलगायत वस्तु आयात हुने उक्त नाकाबाट दैनिक कहिले चार र कहिले आठसम्म कन्टेनर आउने गरेको उनले बताए ।

प्रमुख भन्सार अधिकृत गौतमका अनुसार अरूको अनुपातमा रोल कपडा बढी आउने गरेको छ । त्यसपछि स्याउ तथा मेशिनरी उपकरणहरू आयात भएको छ । चाडपर्वका ल्याउने सामग्री बढी आउँदा र नाका अलि सहज भएको खण्डमा लक्ष्यमा पुग्न सक्ने सम्भावना रहेको समेत उनले बताए । सडकको कारणले लोड गरिएका कन्टेनर भ्यानहरू नआएकोभन्दा पनि चीनबाटै आयतमा कमी भएको गौतमले बताए । सरकारले जोडदार पहल गरेर नाका सहज सञ्चालन हुने वातावरण बनाउनुपर्ने पत्रकार दिनेश दुलाल बताउछन् । भूकम्पअघि यस नाकाबाट दैनिक रु डेढ करोडसम्म राजस्व असुली हुँदै आएको थियो ।

## कोषले जम्मा गरिदियो श्रमिकको १६ प्रतिशत रकम




**काठमाडौं/मस** – योगदानमा आधारित सामाजिक सुरक्षा कोषले कोभिड प्रभावित योगदानकर्ता तथा रोजगारदाताको तर्फबाट जम्मा गर्नुपर्ने बाँकी रकम जम्मा गरिदिएको छ । २०७८ को बैशाख तथा जेठ महिनाको योगदान रकममध्ये यसअघि नै कोषले ८४ प्रतिशत रकम जम्मा गरिसकेको थियो । बाँकी रहेको १६ प्रतिशत रकम शुक्रबार जम्मा गरेको हो ।

सरकारले सामाजिक सुरक्षा कोषमा आवद्ध भएका योगदानकर्ता र रोजगारदातालाई दिनुपर्ने रकम १४ महिनापछि जम्मा गरिदिएको हो। तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटमा नै व्यवस्था गरेर गत आर्थिक वर्षको बजेटमा (२०७८/०७९) लकडाउन अवधिभरको (जेठ र असार) लागि योगदानकर्ता र रोजगारदाताले कोषमा बुझाउनु पर्ने रकम सरकारले भुक्तानी गर्ने घोषणा गरेका थिए ।

उनको घोषणा अनुसार कोषले अर्थ मन्त्रालयसँग १ लाख ७५ हजार योगदानकर्ताका लागि १ अर्ब ४८ करोड रुपैयाँ बजेट माग गरेको थियो। कोषले मागे अनुसारको रकम अर्थ मन्त्रालयले किस्तामा उपलब्ध गराएपछि श्रमिकले १४ महिनापछि राहत रकम पाएका हुन । यस्तै, कोषले वृद्धावस्था सुरक्षा योजनामा योगदान गर्ने योगदानकर्ताहरुको आर्थिक वर्ष २०७७/०७८ को योगदान रकममा यसअघि घोषणा गरिएको ६.७५ प्रतिशत ब्याजका अतिरिक्त १ प्रतिशत थप गरेर ७.७५ प्रतिशत ब्याज थप गरिएको कोषले जनाएको छ ।

# कृषिमा वित्तीय क्षेत्र अनुदार

**काठमाडौं/रासस** – कृषि उत्पादनका क्षेत्रमा वित्तीय संस्थाहरु अनुदार देखिएका छन् । आर्थिक वर्ष २०७९/८० का लागि नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको मौद्रिक नीतिमा उक्त विषय उल्लेख छ । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरूलाई लगानीयोग्य रकमको १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्न भनेकामा उनीहरूले १२ दशमलव दुई आठ प्रतिशत लगानी गरेका छन् । 'एकतिर कृषिको आयात चुलिएको छ । अर्कातिर वित्तीय संस्थाहरू लगानीमा अनुदार देखिएपछि कृषिको परनिर्भरता तत्काल घट्ने देखिँदैन,' अर्थशास्त्रका जानकार भवानी खनालले भने ।

गत आर्थिक वर्षको अन्त्यसम्ममा वित्तीय संस्थाले कृषि क्षेत्रमा चार खर्ब ९० अर्ब १५ करोड लगानी गरेका थिए। उक्त रकम लगानी गर्नु भनेको रकममा झन्डै तीन प्रतिशतले कमी हो। सोही अवधिमा सहुलियतपूर्ण कृषि कर्जा लिने कृषकको गत जेठ मसासन्तसम्मको संख्या ६० हजार ६१८ रहेको छ । उनीहरूले एक खर्ब ३९६ अर्ब ८४ करोड सहुलियत कर्जा लिएका छन् । आर्थिक वर्ष २०७९/८० का लागि प्रस्तुत बजेटमा कृषिको रुपान्तरणमार्फत आगामी पाँच वर्षमा कृषिको व्यापार सन्तुलित राख्ने उल्लेख छ । बजेटको बुँदा नं १८ मा आधारभूत



कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूलको आयातमा ३० प्रतिशतले कमी ल्याए भने पनि वित्तीय संस्थाहरू भने कृषि लगानीमा उत्साहित देखिँदैनन्।

'नेपालमा साना किसानहरूको संख्या ठूलो छ,' खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले भने। आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति र बजेट वास्तविक साना किसानका पक्षमा नरहेको बताए। मौद्रिक नीतिले वास्तविक कृषि व्यवसायीलाई २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजना धितो लिन सक्ने व्यवस्था गरेको तर उक्त व्यवस्थाबाट साना किसान भने लाभान्वित हुने देखिँदैनन् । नेपालमा




साना किसानको संख्या झन्डै ८० लाख रहेको अनुमान छ। यसअघि धितो राख्ने अधिकांश साना किसानसँग परियोजना नै छैन। बैंकबाट धितो लिएर परियोजना सञ्चालन गरेका मध्यम वर्गीय किसान भने सो व्यवस्थाबाट लाभान्वित हुने देखिन्छन् । साना किसानसँग टुक्राटुक्रा खेतीयोग्य जमिन छ । तर समयमा मलखाद, बीउबिजन र सिँचाइको व्यवस्था हुनसकेकै कारण जमिन बाँझो हुँदै गएको छ। सरकारले टुक्रा जमिनलाई चक्लाबन्दी गर्ने योजना ल्याएको भए पनि सो विषय प्रभावकारी हुन सकेन ।

आर्थिक वर्ष २०७९/८० को बजेटले कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमार्फत उत्पादनमा जोड दिएको छ। तर, खेतीयोग्य जमिन क्रमशः बाँझो हुँदै जानु, खेती गर्ने जनसंख्या सहर केन्द्रीकृत हुनु र भएका खेतीयोग्य जमिन टुक्रा टुक्रामा कित्ताकाट भई घडेरीका रुपमा बिक्री हुनाले तत्काल कृषिको परनिर्भरता घट्ने छाँट देखिँदैन । मौद्रिक नीतिले बजेटमा उल्लेख भएको कृषि कर्जालाई लघुवित्त कोषको स्थापनामार्फत प्रभावकारी बनाउने उल्लेख छ। कोषमा पाँच खर्ब लगानी गर्न नागरिक, कर्मचारी र सामाजिक सुरक्षा कोषबाट निश्चित रकम लगानी गर्नुपर्ने उल्लेख छ। नीतिले कोषमा जम्मा भएको रकम किसानको घरदैलोमा पुऱ्याइने उल्लेख भएपछि साना किसानमा उत्साहको सञ्चार भएको देखिन्छ ।

## पूर्वी नाकाबाट कृषिजन्य सामग्रीको आयात बढी

**काठमाडौं/मस** – पूर्वी नाका काँकडभिट्टाबाट कृषिजन्य वस्तु निर्यातभन्दा आयात बढी भएको क्वारेन्टिन कार्यालय काँकडभिट्टाले जनाएको छ । आर्थिक वर्ष २०७८/७९ मा यो नाका भएर आठ अर्ब ३५ करोड ६५ लाख ८७ हजार बराबरको कृषिजन्य सामग्री नेपालबाट भारतलगायत तेस्रो मुलक निर्यात भएको छ । सोही अवधिमा भारतलगायत अन्य मुलुकबाट नौ अर्ब चार करोड ९० लाख ६३ हजारको सामग्री आयात भएको छ । निर्यातको तुलनामा करिब एक अर्ब बढीको सामग्री नेपालतर्फ आयात भएको कार्यालयको तथ्यांकले देखाउँछ । कार्यालयका बाली संरक्षण अधिकृत दविन्द्र साहुका अनुसार चामल, धानलगायतका खाद्य सामग्री एक अर्ब २१ करोड नौ लाख ४२ हजार, चना, भटमासलगायतका तेलहन एक अर्ब ३६ करोड ५८ लाख ३४ हजार, करेला, भान्टालगायत ताजा तरकारी १४ करोड ८५ लाख ९२ हजार, ताजा फलफूल ५३ करोड ५२ लाख २४ हजार, इण्डोनेसियन सुपारीलगायत मसलाजन्य सामग्री पाँच अर्ब चार करोड २५ लाख २८ हजार आयात भएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं
- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं ।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**